# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

भाषा विचार विनयिमको महत्त्वपूर्ण साधन हो । विचार विनियमको रुपमा रहेको भाषालाई व्यक्तिले आफ्नो घर परिवार र समाजबाट प्राप्त गर्दछ । त्यसैले भाषा चुनौतीपूर्ण र कठिन कार्य मानिन्छ । भाषा मुख्य चार सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) हुन्छन् । सुनाइ र पढाइ आदानात्मक प्रकृतिका भाषिक सिप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका भाषिक सिप हुन् । भाषा यी चारवटै सिपहरु एक आपसमा अन्तर सम्बन्धित रहेका हुन्छन् । कुनै पनि विधाको शिक्षण गर्दा भाषिक सिप विकासमा मद्दत पुऱ्याउँछ भने शिक्षाविद्हरुको सुझाव छ ।

भाषा शिक्षण गर्नु भनेको भाषिक सिपहरुको शिक्षण गर्नु हो । नेपाली भाषा धेरै अघिदेखि कथ्य भाषा र लेख्य भाषाको रुपमा विकसित भएको मानिन्छ । लेखाइ सिप भाषिक सिप मध्येको एक प्रमुख सिप हो । व्यक्तिको मनका अन्तर भावनाहरुलाई अरु समक्ष प्रस्तुत गर्न र ती कुरालाई सम्झनामा राखी भविष्यमा आफु र अरुका लागि समेत उपयोगी बनाउन लेखन सिप आवश्यक हुन्छ । शिक्षण सिकाइ प्रक्रियाका दृष्टिले पनि लेखाइको निकै महत्त्व रहेको छ । लेखाइ सिप मानवीय जीवनसँग सम्बन्धित हुन्छ । जसका कारण तल्लो तहदेखि नै विद्यार्थीहरुको लेखन कलाको विकास गर्दै लैजानु आवश्यक देखिन्छ ।

लेखन सिप विकासको लागि विभिन्न किसिमका अनुच्छेद लेखनको महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । लेखन सिप अध्ययनका लागि विद्यार्थीहरुले विभिन्न किसिमका लेखहरु लेखी वर्ण विन्यास शब्द भण्डार शुद्धा शुद्धि र शैलीको विकास हुन्छ ।

सुरुका अवस्थामा भाषिक सम्प्रेषणका लागि सुनाइ र बोलाइबाट काम चलाइन्छ भने भाषाको लेख्य पाठ्य रुपलाई प्रतिनिधित्व गर्न लेखाइ सिपको प्रयोग गरिन्छ । भाषिक सिपले कुनै पनि कुरा लेखेर अभिव्यक्त गर्ने ठाउँमा निकै महत्त्व राख्दछ । जब लेखाइ सिपले अभ्यस्त गराइँदैन तब कुनै पनि व्यक्तिले दक्षता प्राप्त गर्न सक्दैन । यसका लागि कार्यकलापको आवश्यकता पदछ । त्यसैले अनुच्छेद लेखन विकासका निम्ति यसकै कार्यकलापको आवश्यक हुन्छ । त्यसैले कुनै पनि विषय वस्तु अनुच्छेद लेख्दा श्रृङ्खलाबद्ध रुपमा लेखिनु पर्ने देखिन्छ । विषय वस्तुको सङ्गठन आदि, मध्य र अन्तयको प्रस्तुतीकरण

तथा भाषाका रुपमा सबै पक्ष थाहा पाउन अनुच्छेद लेखन नै उपयुक्त माध्यम भएको भाषा विकासमा लागेको विज्ञहरुले गरेका छन् ।

## १.२ समस्या कथन

भाषा विचार विनियमको महत्त्वपूर्ण साधन हो । भाषाको शिक्षण गर्नु भनेको विषय वस्तुको शिक्षण नभएर भाषिक सिपहरुको शिक्षण गर्नु हो । त्यसैले यो चुनौतीपूर्ण र कठिन कार्य हो । भाषाका मुख्य रुपमा चार सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) हुन्छन् । भाषा यी चारवटै सिपहरु एक आपसमा अन्तर सम्बन्ध रहेको हुन्छ ।

ज्ञान आर्जनको सशक्त र प्रभावकारी माध्यम भाषा हो । कुनै पनि भाषाका मौखिक र लिखित गरी दुई माध्यम हुन्छन । शिक्षण कार्यकलापका सन्दर्भमा भाषा शिक्षण भन्नाले भाषिक भन्नाले भाषिक कौशलको ज्ञान, सिप र अभिबृद्धि प्राप्त गर्नु हो ।

अनुच्छेद लेखनका माध्यमबाट भाषिक सिपको प्रस्तुति शैली थाहा पाउन सकिन्छ । अनुच्छेद आदि, मध्य र अन्त्यको सङ्गठित प्रस्तुति हुन्छ । यस लेखन सम्बन्धी सबल दुर्बल पक्षहरु शब्दहरुको परियस्कार परिमार्जन, नेपाली पहिलो भाषी तथा नेपाली दोस्रो भाषी विद्याथीहरुको अभिव्यक्त समस्याको पहिचान गर्नु आवश्यक छ ।

शैक्षणिक पाठ्यक्रममा अनुच्छेद सम्बन्धी पाठ्य वस्तुलाई महत्त्व दिइरहेको अवस्थामा विद्यालय तहमा विशेष गरी कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा आधारित भएर अनुसन्धान गर्ने उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन चयन गरी तयसैसँग सम्बन्धित भएर समस्यालाई निम्न अनुसार देखाइएको छ ।

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता के कस्तो छ ?

ख) संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको स्थिति कस्तो छ ?

ग) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा अनुच्छेद लेखन सम्बन्धी के कस्तो कमी कमजोरी रहेका छन् ?

## १.३ शोधको उद्‌देश्य

प्रस्तुत अध्ययनका निम्न लिखित उद्‌देश्यहरु रहेका छन् :

क) कक्षा सातमा अध्ययनरत विद्‌यार्थीहरुको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु ।

ख) संस्थागत र सामुदायिक विद्‌यालयमा अध्ययनरत विद्‌यार्थीको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ।

ग) उक्त कक्षाका विद्‌यार्थीहरुको कमी कमजोरीहरु पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्त्व

भाषाका चार सिपहरु मध्ये लेखाइ सिप एक महत्त्वपूर्ण सिपमा पर्दछ । भाषा मानवीय वस्तु हो । भाषाको महत्त्वपूर्ण कार्य भनेको घटना, प्रसङ्‌ग, वातावरण, परिस्थिति तथा व्यवहार आदिमा विचार विनियम गर्नु हो । भाषाको महत्त्वपूर्ण कार्य विचार आदानप्रदान गर्नु हो । मौखिक र लिखित दुवै ढङ्‌गबाट विचारको आदान प्रदान हुन्छ । भाषाको मुल रुप मौलिक नै हो तर पनि शैक्षिक गतिविधि तथा प्रशासनिक कार्यमा भाषाको लिखित स्वरुपलाई उपयोगमा ल्याइनछ । मौखिक भाषा सम्प्रेषणको आधारभूत माध्यम हो, लिखित चाँही त्यसको विकास रुप हो ।

वर्तमान समयमा नेपाली भाषा सम्पूर्ण नेपाली साझा माध्यम भाषाको रुपमा विकसित भएको छ भने नेपालमा बोलिने सम्पूर्ण भाषालाई राष्ट्रभाषाको मान्यता प्राप्त भएको छ । नेपाली भाषा सबै धर्म, क्षेत्र र लिङ्‌गलाई एकताको सुत्रमा बाँधेर सरकारी कामकाजको रुपमा समेत भई ऐतिहासिक मान्यता प्राप्त छ । भाषाको खोज, अध्ययन, अनुसन्धान विभिन्न क्षेत्रमा समेत समयानुकुल विकास हुँदै आएको छ । नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषी छात्र र छात्रा बहुभाषी विद्‌यार्थी समाजमा अझ घनिष्टता कायम राख्न आवश्यक छ । जसका निम्ति अभिव्यक्ति क्षमतालाई परिष्कार, परिमार्जन स्तरीय तथा मानकता प्रदान गर्न शुद्‌ध रुपको विकास गर्न लेखन सिपको विकास अति आवश्यक भएको छ ।

लेखन सिपको लागि अनुच्छेद लेखन प्रक्रिया पनि प्रमुख रुपमा रहन्छ । विद्‌यार्थीहरुको अनुच्छेद लेखन प्रक्रियामा विभिन्न किसिमका ज्ञानका पक्षहरु समावेश हुने हुँदा अनुच्छेद लेखन अध्ययनको महत्त्व देखिन्छ । यसका माध्यमबाट भाषामा हरेक सिप, साहित्यिक ग्रन्थ, लेख, रचना तथा समस्त वाङ्‌मयको सिर्जना गर्न भाषिक सिपको विकास

हुन्छ । शुद्ध रुपमा लेखेर आफ्नो जीविको पार्जन कार्यमा संलग्न व्यक्तिका लागि अनुच्छेद लेखन आवश्यक छ ।

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले अनुच्छेद लेखनका त्रुटि क्रममा भाषिकगत त्रुटि अन्तर्गत विभिन्न वर्ण विन्यास त्रुटिहरु गरेको पाइन्छ । भाषिक प्रयोगमा देखिने अस्पष्टता तथा अशुद्धताका साथै स्तर अनुरुपको लेखनगत प्रस्तुति र प्रयोग सम्बन्धी विविध समस्यालाई ध्यानमा राखी नेपाली भाषाको स्तर, सन्दर्भ, प्रसङ्ग अनुसारको लेखाइ सिपको विकास गरी लेखाइमा स्पष्टता ल्याउन प्रमुख अध्ययन सहयोगी हुने अपेक्षा गरिएको छ ।

विद्यालयका पाठ्यक्रमहरुमा अनुच्छेद शिक्षण तथा अनुच्छेद लेखनका शिक्षणलाई विशेष महत्त्वका रुपमा हेरिएको छ । नेपाली विषयका पाठ्य पुस्तकहरुमा अनुच्छेद लेखन प्रक्रियालाई जोड दिएको छ । अनुच्छेद लेखन सिप विकास तथा भाषा शिक्षणका क्षेत्रमा आफ्नो छुट्टै पहिचान राखेको छ । विभिन्न अनुच्छेदहरु लेखी त्यसबाट बोध प्रश्न उत्तर, बुँदा टिपोट, प्रतिवेदन लेखन, सङ्क्षिप्त उत्तर लेख्ने ढङ्ग ढाँचालाई प्रस्तुत अध्ययनले सम्बोधन गर्नेछ । विद्यार्थीहरुमा विकसित हुने लिखित क्षमता पहिचान गर्ने एउटा आधार अनुच्छेद लेखन समेत भएकोले यस शोधपत्र कार्यमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतालाई महत्त्वपूर्ण कार्यको रुपमा लिन सकिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) तनहुँ जिल्लाका १० वटा विद्यालयमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरुमा यो अध्ययन सीमित गरिएको छ ।

ख) तनहुँ जिल्लाभित्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरुका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा सीमित रहेको छ ।

ग) प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको क्षेत्रीय अध्ययन विधि र र सर्वेक्षण विधिद्वारा अनुच्छेद लेखन क्षमताको अध्ययन गरी कमी कमजोरी पत्ता लगाउन तर्फ केन्द्रित रहेको छ ।

## १.६ प्रयुक्त शब्दहरुको परिभाषा

**प्रतिष्ठान** : स्थापना गर्ने वा राख्ने काम ।

**प्रतिशत** : सय खण्ड मध्येको खण्ड

**परिकल्पना** : पछि हुने वा हुन सक्ने कुरा वा सम्भावनालाई पहिले नै सोच विचार गर्ने काम नै परिकल्पना हो ।

**क्षमता** : विशेष योग्यता ।

**बोध परीक्षण** : सुनेको वा पढेको कुरा बुझ्न सक्ने क्षमता वा सिप मूल्याङ्कन गर्ने काम ।

**बोध** : सुनेको वा पढेको कुरा बुझ्न सक्ने क्षमता वा सिप वा काम, ज्ञान, धैर्य ।

**सामुदायिक विद्यालय** : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय ।

**संस्थागत विद्यालय** : नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय ।

## १.७ अध्ययनको रुपरेखा

यस अध्ययनको रूपरेखा निम्न लिखित छ । अध्यायको संरचनामा खाका तयार गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोग

**सन्दर्भ सूची**

**परिशिष्टहरु**

**व्यक्तिवृत्त**

# अध्याय : दुई
# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

कुनै पनि शोधपत्र तयार गर्दा गरिने विषयमा अनुसन्धान गर्नु पूर्वकार्यको समीक्षा हो । शोधकार्य गर्दा सम्बन्धित शीर्षकमा संस्थागत व्यक्ति र स्वतन्त्र रुपमा आफु भन्दा अघि के कति अध्ययन अनुसन्धान भएका छन् । पूर्वकार्यको समीक्षा गर्दा पूर्ववर्तीहरुले गरेका अध्ययन अनुसन्धानहरुका सकारात्मक नकारात्मक दुवै पक्षलाई निष्पक्ष रुपमा प्रस्तुत गर्नु पर्दछ । वर्तमानले भविष्यको सङ्केत गर्दछ भने जस्तै विगतले वर्तमानलाई अगाडि बढ्नलाई दिशा निर्देश गर्दछ । विगतको कार्यलाई मूल्याङ्कन नगरिकन अगाडि बढ्नु भनेको आफैमा अलमलिनु भन्दा अरु केही हुँदैन । पूर्वकार्यको अध्ययनबाट नै आफुले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्य भए नभएको बारेमा थाहा हुन्छ तर अनुसन्धानसँग सम्बन्धित नहुँदा पूर्वकार्यको समीक्षामा समेत असहजता अप्ठ्यारो महसुस हुने गर्दछ । विभिन्न जिल्ला स्थान र तहमा आधारित भइ यस सम्बन्धी गरिएका अध्ययनलाई पूर्वकार्यको समीक्षाको रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## २.१ पूर्वकार्यको समीक्षा

बज्रचार्य, (२०३९) द्वारा तयार पारिएको **अनुच्छेद लेखन एक अध्ययन कक्षा आठ निबन्ध विधा** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । यो शोधको लागि प्राथमिक स्रोतको सामग्री अन्तर्गत ललितपुर जिल्ला भित्र पर्ने ५ वटा विद्यालयका १२५ जना विद्यार्थीहरुलाई ‘मानिस’ शीर्षकमा बुँदा टिप्न लगाएर निबन्ध लेखन गराएको पाइन्छ । यस क्रममा प्रस्तुत शोधपत्रको उद्देश्य कक्षा आठका छात्र र छात्राहरुले सम्बन्धित शीर्षकमा बुँदा टिपोट गरी स्व मौलिक र गहन विचार प्रकट गरी अनुच्छेद लेखन तयार पार्ने क्षमताको विकास गरेका छन् भने त्यसैका आधारमा तथ्याङ्क सङ्कलन गरिएको भनिएको छ । यसमा निष्कर्ष बमोजिम प्राप्त नतिजा अनुच्छेद लेखनमा उक्त विद्यार्थीहरुको ५० नं. ले ज्ञान लिन सकेको मानिएको छ । उक्त विद्यार्थीको समग्र रुपमा अनुच्छेद लेखनमा २५ नं. देखि ८० नं. सम्म अनुच्छेद लेखनको ज्ञान लिन सकेको देखाइएको छ ।

खतिवडा, (२०६४) ले **कक्षा सात पुरा गरेका विद्यार्थीको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र तयार गरेका छन् । उनले कक्षा सात पुरा गरेका

विद्यार्थीहरुका चिठी तथा निवेदन लेखन क्षमता पहिचान गर्नु, चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, ती विद्यार्थीहरुमा चिठी तथा निवेदन लेखन क्षमताको कमी कमजोरीहरु पहिचान गरी सुधारात्मक सुझाव पेस गर्ने उद्देश्य राखेका छन् । नमुना सर्वेक्षण विधिबाट सामग्री सङ्कलन गरिएको यस शोधपत्रमा अनुसन्धानका लागि महोत्तरी जिल्ला भित्रका ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयबाट १०/१० जना गरी १०० जनाको सङ्ख्यामा विद्यार्थीको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक नरहेको कुराहरु उल्लेख गर्दै विद्यार्थीलाई सिर्जनात्मक पक्षमा बढी जोड दिएका छन् । खतिवडाले कक्षा सात पुरा गरेका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्र महोत्तरी जिल्लाका कक्षा सात पुरा गरेका विद्यार्थीहरुमा मात्र सिर्जनात्मक क्षमताको अध्ययन गरिएको छ ।

बराल, (२०६४) ले **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखनका आधारमा वर्ण विन्यास क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । उक्त शोधपत्रमा विद्यार्थीहरुको त्रुटि पहिचान गर्नु, अनुच्छेद लेखन क्षमताको स्थिति पहिचान गर्नु, विद्यार्थीहरुमा देखिएका अनुच्छेद लेखन सम्बन्धी कमी कमजोरीहरु पहिचान गर्ने उद्देश्य राखेका छन् । इलाम जिल्लाभित्रका छ वटा गा.वि.स. मध्ये एक निजी र पाँच सामुदायिक गा.वि.स.का ६/६ जना विद्यार्थीहरुबाट ३६ जना विद्यार्थीहरुलाई मातृभूमि शीर्षकमा अनुच्छेद लेख्न लगाइ तथ्याङ्कीय विधि अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उक्त अध्ययन सिपगत आधारमा अनुच्छेद लेखनमा गर्ने त्रुटि भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली एवम् छात्रछात्रा बिच वर्ण विन्यासका आधारमा अनुच्छेद लेखनको स्थिति कमजोरी र सुधारका लागि सुझाव पेश गरिएको छ ।

बराल, (२०६५) ले **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । उक्त शोधपत्रमा विद्यार्थीहरुको छात्रा र छात्रको तुलनामा पहिचान गर्नु, अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, निजी र सामुदायिक विद्यालयका विद्यार्थीको पहिचान गर्ने उद्देश्य राखेका छन् । जस अन्तर्गत काठमाडौं उपत्कयाका ६ वटा विद्यालयहरुमा अध्ययनरत ६० जना विद्यार्थीहरुमा अनुच्छेद लेखन क्षमताको पहिचान गरिएको पाइन्छ । जस अन्तर्गत छात्राहरुको तुलनामा छात्रहरु अनुच्छेद लेखनमा बढी सफल हुन सकेको प्रस्तुत अध्ययनको तथ्याङ्कले जनाउँदछ ।

कमजोर देखिए तापनि समग्र अध्ययनको क्रममा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको पाइन्छ ।

खत्री, (२०६६) ले **उच्च माध्यमिक तह कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । उक्त शोधपत्रमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, विद्यार्थीहरुमा अनुच्छेद लेखन सम्बन्धी कठिनाइहरुको पहिचान गर्नु र उक्त कठिनाइहरुको निराकरणका लागि आवश्यक उपाय पहिल्याउनु उद्देश्य राखिएको छ । यस शोधपत्र अनुसन्धानका लागि गोरखा जिल्लाका ६ वटा उच्च मा.वि.मा अध्ययनरत ६० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा चयन गरिएको छ । नमुना सर्वेक्षण विधिबाट सामग्री सङ्कलन गरिएको पाइन्छ । ६० जना सङ्ख्या रहेको उच्च मा.वि.का १०/१० जनाको दरले जम्मा ३० जना छात्रा र ३० जना छात्रहरुलाई ३०० पूर्णाङ्क निर्धारण गरिएको मापनमा छात्राहरुले १९० र छात्रहरुले १७० कुल अङ्क प्राप्त गरे यस परीक्षणमा छात्राहरुले ६३.३३ र छात्रहरुले ५६.६६ प्रतिशताङ्क प्राप्त गरेका छन् । छात्रहरुको तुलनामा छात्राहरुको प्राप्ताङ्क बढी देखिएकाले अनुच्छेद लेखनमा छात्राभन्दा छात्रहरु नै अगाडि रहेको देखिन्छ ।

न्यौपाने, (२०६८) ले **कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । उक्त शोधपत्रमा निबन्ध लेखन क्षमताको पहिचान गर्नु, तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा छात्र र छात्राहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु र कमी कमजोरीहरुलाई निराकरण गर्न आवश्यक सुझाव दिनु उद्देश्य राखेकी छिन् । यस शोधपत्र अनुसन्धानका लागि तनहुँ जिल्लाभित्रका सामुदायिक र संस्थागत विद्यालयबाट १०/१० जनाको सङ्ख्यामा विद्यार्थीहरुलाई जनसङ्ख्याका रुपमा छनोट गरिएको छ । उक्त शोधपत्र अनुसन्धानमा निबन्ध लेखनमा भएको व्याकरणात्मक कोटि त्रुटि विश्लेषण चिन्ह प्रयोग गरिएको पाइन्छ ।

नेपाल, (२०६८) ले **कक्षा छ पुरा गरेका विद्यार्थीहरुको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकको अनुसन्धान गरिएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा छ पुरा गरेका

विद्यार्थीहरुको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी विद्यार्थीहरुको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरुको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र ती विद्यार्थीहरुमा निवेदन लेखन सम्बन्धी रहेको कमी कमजोरी पहिचान गरी निराकरणका उपायहरु पेस गर्ने उद्देश्य राखिएको छ । नमुना सर्वेक्षण विधिबाट सामग्री सङ्कलन गरिएको यस शोधपत्रमा अनुसन्धानको लागि सिन्धुपाल्चोक जिल्लाका ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयबाट ८/८ जना गरी जम्मा ८० जनाको सङ्ख्यामा विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा चयन गरिएको छ । प्रस्तुत शोधपत्रमा विद्यार्थीहरुको निवेदन लेखन क्षमता उच्च रहेको, लैङ्गिक आधारमा छात्रा भन्दा छात्र केही मात्रामा सक्षम रहेको, समग्र शिक्षकहरु तालिम प्राप्त नहुनु, योजनाबद्ध शिक्षण नगर्नु र संस्थागत विद्यालयमा एउटै विषयमा बढी अभ्यास गराइनुले विद्यार्थीहरुको स्वतन्त्र अभिव्यक्ति क्षमतामा सामान्य असर पुऱ्याएको निष्कर्ष निकाली विद्यार्थीहरुलाई लेखाइ सिपमा सक्षम बनाउन निवेदन लेखन शिक्षणलाई व्यवस्थित गराउनुपर्ने उल्लेख गरिएको छ । साथै नेपालले उक्त शोधपत्रको **कक्षा छ पुरा गरेका विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकले कक्षा छ पुरा गरेका विद्यार्थीहरुमा मात्र केन्द्रित रहेर उनीहरुको सिर्जनात्मक क्षमतालाई मात्र अध्ययन गरिएको पाइन्छ ।

गिरी, (२०६९) ले **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान कार्य गरेको पाइन्छ । उक्त शोधपत्रमा विद्यार्थीहरुको चिठी लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताकोको तुलनात्मक स्थिति पहिल्याउनु, नेपाली र इतर नेपाली मातृभाषी विद्यार्थीहरुमा चिठी लेखन क्षमता के कस्ता भिन्नता पत्ता लगाउनु उद्देश्य राखेका छन् । नमुना सर्वेक्षण विधिबाट सामग्री सङ्कलन गरिएको छ । यस शोधपत्र अनुसन्धानका लागि तनहुँ जिल्ला भित्रका सामुदायिक विद्यालय र संस्थागत विद्यालयबाट ५०/५० जनाको सङ्ख्यामा विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा चयन गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरुको निवेदन लेखन क्षमता ५० प्रतिशत भन्दा माथि ४४ प्रतिशत छात्रहरुले निबन्ध लेखन क्षमता मापन गराउन सफल भएकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निवेदन लेखन क्षमताको प्रतिशत गणना गरिएको छ । इतर नेपाली मातृभाषी र नेपाली मातृभाषी विद्यार्थीहरुको


चिठी तथा निवेदन लेखनको आधारमा तुलनात्मक अध्ययन गर्दा नेपाली मातृभाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमतामा अध्ययन गरेको पाइन्छ ।

कुमाल, (२०७१) ले **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुमा लेख्य चिन्हको प्रयोग क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । उक्त शोधपत्रमा विद्यार्थीहरुको लेख्य चिन्ह प्रयोग क्षमता पहिचान गर्नु, ग्रामीण र नगर क्षेत्रमा अवस्थित विद्यालयको विद्यार्थीहरुको लेख्य चिन्ह प्रयोग क्षमताको तुलना गर्नु र छात्रा र छात्र विद्यार्थीहरुको लेख्य चिन्ह प्रयोग क्षमताको तुलनात्मक अधयययन गर्नु उद्देश्य राखेका छन् । यस शोधपत्र अनुसन्धानका लागि गोरखा जिल्लामा शैक्षिक वर्ष २०६९ मा अध्ययन गर्ने १०२ वटा सामुदायिक विद्यालय र ३३ वटा संस्थागत विद्यालय गरी जम्मा १३५ वटा विद्यालयका कक्षा आठमा अध्ययनरत ४०५० जना विद्यार्थीहरुलाई जनसङ्ख्याका रुपमा चयन गरिएको छ ।

## २.२ समीक्षात्मक अध्ययनको प्रयोग

कुनै पनि शीर्षकमा केन्द्रित भएर अध्ययन तथा अनुसन्धान गरिसकेपछि उक्त अनुसन्धान मानव जीवनमा उपयोगी सिद्ध हुनु नितान्त आवश्यक छ । तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन शीर्षकमा तयार पारिएको यस अध्ययनको उपयोगितालाई हेर्ने हो भने नेपाली भाषा शिक्षणका क्रममा देखापर्ने विविध समस्याहरु मध्ये अनुच्छेद लेखन क्षमतामा पनि प्रमुख समस्या देखिन्छ । उक्त समस्यालाई निराकरण गर्न यस अध्ययनले सहयोग पुग्ने छ भन्ने अपेक्षा गरेको छ । लिखित अभिव्यक्तिमा लेखकले भनेको कुरा पाठकले सहज तरिकाले बुझ्न र सही तरिकाले लेख्न सक्नु आवश्यकता छ । जति बेला ऊ भाषाका सुनाइ, बोलाइ, लेखाइ, पढाइ सिपमा दक्ष हुन सक्दछ । विद्यार्थीहरुमा उनीहरुको तह, स्तर अनुसार अनुच्छेद लेखन गर्न सक्ने क्षमता पूर्ण हुन सक्छन् । भाषाका शिक्षक शिक्षिकाहरुलाई यसको कार्यकलापमा सुधार ल्याउनुका साथै शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन यस अध्ययनले सहयोग पुग्ने देखिन्छ । अनुच्छेद लेखन अध्ययनका क्रममा देखिएका कमी कमजोरीहरुको निराकरण गरी अनुच्छेद लेखनको प्रयोगमा सुधार गर्ने प्रयास गर्नु पनि यस अध्ययनको उपयोगिता रहेको देखिन्छ ।

## २.३ सैद्धान्तिक वा अवधारणात्मक रुपरेखा




भाषा मानवीय विचार विनियमको प्रमुख साधन हो । मानव सभ्यताको विकास क्रमसँगै भाषाको पनि क्रमिक विकास भएको पाइन्छ । भाषा आर्जित मात्र नभई जन्मजात हुन्छ । भाषाको अभावमा विचारको आदान प्रदान असम्भव छ । विचार प्रकटीकरणको माध्यम नै भाषा हो । सुरुमा कथ्य भाषाका रुपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकाससँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो ।

मानव विचार विनियमको माध्यम भाषा भएकोले बोलाइ र लेखाइबाट मात्र एक अर्कामा सम्प्रेषण गर्न सकिन्छ । आफुले बोलेर विचार अभिव्यक्ति गर्न नसकिने अवस्थामा लेखेर नै विचारको आदान प्रदान गरिन्छ । लेख्य रुपमा आफ्ना विचारहरु सङ्गठित गर्नु लेखाइ सिपसँग सम्बन्धित छ । लेखाइले बोलाइको अभिव्यक्ति सीमा वा परिधिबाट हुने कमीलाई हटाइ दिन्छ भन्ने कुरा स्पष्ट हुन्छ । लेखाइमा अभिव्यक्तिकर्ताको अभिव्यक्ति देश र कालको सीमित घेराभित्र मात्र रहँदैन । कुनै पनि व्यक्तिले आर्जन गरेको ज्ञान, अनुभवलाई लामो समयसम्म स्मरण राख्नको लागि लेखन सिपको आवश्यक पर्दछ । कुनै पनि व्यक्तिले विचारहरु व्यक्त गर्न नसकेको अवस्थामा पनि लेखाइ सिपको अत्यन्तै आवश्यकता रहन्छ । लेखाइको महत्त्वलाई पूर्ण रुप दिनको लागि लेखाइ सिप विकासका लागि उपयोग गरिने अन्य विधाहरुको जुन स्थान छ त्यो भन्दा चिठी लेखनको त्यो भन्दा कम महत्त्व छैन् । व्यक्तिले आफ्नो मनोभावनालाई दुर देशमा रहेको आफन्तहरु समक्ष

पुऱ्याउन कतिपय कुराहरु लेखेर पछिसम्म सञ्चित गर्नुपर्ने कतिपय व्यावहारिक कार्य सम्पन्न गर्न सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको विशेष जरुरत पर्दछ ।

अनुसन्धानकर्ताले कुन कुन अवधारणाहरुका आधारमा शोधकार्य सम्पन्न गर्न लाग्दैछ भन्ने सम्बन्धमा स्पष्ट पार्न तयार पारिने रुपरेखालाई नै सैद्धान्तिक अवधारणा वा अवधारणात्मक ढाँचा भनिन्छ । प्रस्तुत शोधपत्रमा अवधारणात्मक रुपरेखालाई यसरी प्रस्तुत गरिएको छ ।

अवधारणात्मक ढाँचा वा रुपरेखाले के कस्ता कुराहरु मापन गरिने र अनुसन्धानकर्ताले कस्ता तथ्याङ्क शास्त्रीय सम्बन्धहरु हेर्ने भन्ने निर्धारण गर्न अनुसन्धानकर्तालाई पथ प्रदर्शन गर्दछ (पराजुली, सन् २०१३) । अवधारणात्मक रुपरेखाले समस्यालाई समस्याको प्रकृति र स्वरुप अनुसारका सम्बन्ध सिद्धान्तहरुको आधारमा अनुसन्धानको रुपरेखा वा खाका तयार पार्ने प्रक्रियाका बारेमा स्पष्ट पार्ने काम गर्दछ । यसले अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान अन्तर्गत कुन कुन पक्षलाई हेर्दैछ ? कसरी अगाडि बढ्न चाँहदैछ ? भन्ने जस्ता विषयको अनुमान लगाउन मद्दत गर्दछ । अवधारणात्मक रुपरेखालाई चित्रमा प्रस्तुत गरी उल्लेख गरिने भएकाले यसले सुपरिवेक्षक तथा अनुसन्धानकर्ता दुवैलाई अध्ययनको विस्तृत अवधारणा सम्बन्धमा स्पष्ट पार्दछ ।

## २.४ अनुच्छेदको सैद्धान्तिक परिचय

### २.४.१ परिचय

नेपाली भाषाका लिखित र मौखिक गरी दुई रुप हुन्छन् । कुनै पनि विषयमा सिर्जनात्मक तरिकाले गरिने लिखित अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ । कुनै पनि विषय वा शीर्षक वा अंश वा सुत्र कथनमा आधारित अनेक वाक्यहरु लेखिएको समूहलाई अनुच्छेद भनिन्छ । स्वतन्त्र ढङ्गले तयार गरिने यो एक आलेक हो । जहाँ वाक्यको समूह प्रस्तुत गरिन्छ । अनुच्छेद मौलिक सिर्जनात्मक लेखनसँग सम्बन्धित हुन्छ । यसमा कुनै पनि विषयमा वर्णनको सिलसिलेबार प्रस्तुति हुन्छ । अनुच्छेद लेखन छोटो र कसिलो रुपमा नै टुङ्गिन्छ ।

अनुच्छेद लेखन वाक्यभन्दा माथिल्लो भाषिक अभिव्यक्ति भएकाले वाक्यहरुको मेलद्वारा नै यसको निर्माण हुन्छ । त्यसैले यसको निर्माणमा वाकयहरुको प्रमुख भूमिका रहन्छ । एउटै ठाउँमा वाक्यको गठन हुनाले यो पूर्ण हुन्छ । कुनै पनि विषयमा रहेर अनुच्छेद

लेखन गदार्न वाकयहरुलाई क्रमबद्ध रुपमा लेखिन्छ । एउटै प्रसङ्गका कुराहरु क्रमबद्ध ढङ्गले प्रस्तुत गरिने अनुच्छेद लेखनमा चार पाँच वाक्यदेखि २०-२५ वाक्यको पनि अनुच्छेद लेख्न सकिन्छ ।

भाषिक सिप विकासको लागि अनुच्छेदले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । लेखनकलाको विकासको लागि अनुच्छेद लेखनले विभिन्न लेखन सिप विकासको कार्यमा सहयोग पुऱ्याएको हुन्छ । अनुच्छेद लेखनमा कुनै पनि विषय शीर्षक वा बुँदालाई एक अनुच्छेदमा मात्र स्वतन्त्र रुपमा विस्तार गरिन्छ ।

अनुच्छेद लेखन एक सिर्जनात्मक र स्वतन्त्र लेखन हो । यसमा वाक्यहरु सङ्गठित रुपमा रहेका हुन्छन् । अनुच्छेदका वाक्यहरु गहन रुपमा रहेका हुन्छन् । अनुच्छेद विभिन्न लम्बाइका हुने गर्दछन् । तल्ला कक्षाहरुका लागि थोरै वाक्यहरुमा नै अनुच्छेद हुने भए तापनि माथिल्ला कक्षाहरुमा अनुच्छेद धेरै वाक्यहरुसम्म पनि हुने गर्दछ । अनुच्छेद लेखन भनेको विषय शीर्षकलाई एक अनुच्छेदमा विस्तारित गरिने लेखन औचित्यपूर्ण गद्य रचना हो । अर्को शब्दमा भन्दा विचारहरुको श्रृङ्खलाबद्ध र पारस्परिक सापेक्षतामा अभिव्यक्त स साना वाकयहरुको सङ्गठित एकाइगत भाषिक संरचना नै अनुच्छेद हो ।

अनुच्छेदको संरचना र स्वरुपलाई विभिन्न विद्वानहरुले आ आफ्ना विचार पोख्न जमर्को गरेका छन् । ती मध्ये केही व्यक्तिहरुका अनुच्छेद सम्बन्धी परिभाषाहरुलाई प्रस्तुत गरिएको छ ।

“आलेखको सबै भन्दा तल्लो कोटी कुण्डिका अभिव्यक्ति खण्ड प्याराग्राफलाई अनुच्छेद लेखन भनिन्छ” (पोखरेल, २०६९:३७) ।

“वाक्य भन्दा माथिल्लो एकाइ अनुच्छेद हो यो विभिन्न वाक्यको समूहबाट बनेको सङ्गठित वैचारिक एकाइका रुपमा अभिव्यक्त वाक्यहरु पारस्परिक सापेक्षतामा सङ्गठित भएका हुन्छन्” (अधिकारी, २०६३) ।

“कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रुपमा सङ्क्षिप्त विस्तार गर्नु नै अनुच्छेद लेखन हो । यसलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । यसको आकार प्रकार विदयार्थीहरुको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित रहन्छ” (शर्मा र पौडेल) ।

“कुनै लेख रचनाको एक खण्ड जुन अर्को खण्डबाट ठाउँ छोडाइका आधारमा छुट्टिएको हुन्छ । गद्य अभिव्यक्तिको एक अंश वा एउटा अखण्डित सिङ्गो छोटो गद्यात्मक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ” (प्रयोगात्मक नेपाली शब्दकोश) ।

“कम भन्दा कम वाक्यहरुको समूहबाट केही कुरा व्यक्त गरिएको आलेख अनुच्छेद हो यो आलेखको सबै भन्दा तल्लो कोटि वा अभिव्यक्ति खण्ड हो । यसले कुनै लेख वा प्रबन्धका बुँदाहरु मध्ये कुनै एकाइलाई प्रतिनिधित्व गर्दछ” (नेपाली बृहत शब्दकोश) ।

“एक वा एक भन्दा बढी वाक्यहरु मिलेर बनेको वाक्य भन्दा ठुलो एकाइलाई अनुच्छेद भनिन्छ” (शर्मा) ।

अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता नै अनुच्छेद लेखनको महत्त्वपूर्ण विशेषता हो । विषय तथा भनाइको सिलसिलाबद्ध लेखन प्रस्तुतिका साथै निश्चित शीर्षक र शैलीमा आबद्ध आलेख नै अनुच्छेद हो । विद्यालय स्तरमा पाँच देखि सात हरफसम्म अर्थात १२० देखि १५० शब्दसम्मको लम्बाइमा विस्तार हुन्छ भने जति अनुच्छेद धेरै वाक्यहरुमा आबद्ध भएका हुन सक्छन् । बुँदागत रुपमा अनुच्छेद लेखनलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- भाषिक सिप विकासमा सहयोगी,
- सिर्जनात्मक लेखनमा सहयोगी,
- लेखन कला विकासमा महत्त्वपूर्ण भूमिका,
- अभिव्यक्तिमा सङ्क्षिप्त र गहनता,
- वाक्य विस्तारको जग निर्माण तथा उर्जा प्रदान गर्ने,
- विचारको सरल र सहज तरिकाले प्रकट गर्ने माध्यम,
- साहितयका विविध विधाहरु सिर्जना गर्न सहयोगी माध्यम ।

अनुच्छेद लेखन सत्य तथ्य वा काल्पनिक तार्किक, भावनात्मक, आत्मपरक, विश्लेषणात्मक, तथा आलङ्कारिक जस्ता विधि विषय शीर्षक छनोट गरी त्यस अनुसार छिटो छरितो खदिलो तरिकाले गरिएको सरल गठनबन्धन तथा गद्य बन्धनमा बाँधिने लेखन कार्य नै अनुच्छेद लेखन हो । कुनै पनि तह वा स्तरका विद्यार्थीहरुका लागि यो आवश्यक मानिन्छ ।

### २.४.२ अनुच्छेद लेखनको प्रयोजन

कुनै पनि लेख रचनाको आधार नै अनुच्छेद लेखन हो । यसले सबै किसिमको आख्यानात्मक, निबन्धात्मक, प्रबन्धात्मक आदि लेखनगत प्रस्तुतिलाई मुल रुपमा मद्दत पुऱ्याउँछ ।

अनुच्छेद लेखनको अभ्यासबाट निम्न भाषिक क्षमताको विकासको अपेक्षा गरिएको पाइन्छ ।

- कुनै पनि विषयका सन्दर्भमा स्वतन्त्र रुपमा चिन्तन मनन गर्ने क्षमता अभिबृद्धि हुन्छ ।
- अनुच्छेद लेखनबाट कुनै पनि विषय क्षेत्र वा शीर्षकलाई समातेर आफ्नो मौलिकता तथा खदिलो विचार वा भावलाई सङ्क्षिप्त रुपमा प्रस्तुत गर्ने क्षमताको विकास हुन्छ ।
- छोटो तर पूर्ण अभिव्यक्ति क्षमताको विकास हुन्छ ।
- अनुच्छेद लेखन अभ्यासका माध्यमबाट स्तरीय ढङ्गले विभिन्न किसिमका अभिव्इक्ति, शैली लेख्ने सिप क्षमताको विकास हुन्छ ।

अतः अनुच्छेद लेखन अभ्यासले विभिन्न विषय शीर्षकमा अभिव्यक्त विचार श्रृङ्खलाहरुलाई समेटेर मौलिक र स्वतन्त्र चिन्तन मननका लेखनगत विकासमा सहयोग पुऱ्याउँछ । पूर्ण अभिव्यक्तिलाई विभिन्न प्रकामा लेख्न र लेखन सिप विकासको लागि समेत महत्त्वपूर्ण भूमिका अनुच्छेद लेखनको छ ।

### २.४.३ अनुच्छेदको संरचना

**क) आदि भाग (शीर्षक भाग)**

अनुच्छेद लेखनको प्रमुख भाग हो । एक अनुच्छेद पुरा गर्न आदि भागमा शीर्षकको परिचय स्वरुप गहन भागको थोरै वाक्यहरु लेख्नु पर्दछ ।

**ख) मध्य भाग**

यसमा आवश्यकता अनुसार विषय वस्तुको वर्णन गरिन्छ । यो भाग यस लेखनको महत्त्वपूर्ण भाग हो ।

**ग) अन्त्य भाग (समापन)**

यस भागमा विषय वस्तु अन्तिम टुङ्गो लगाइन्छ । एक दुई वाक्यमा अन्तिम निष्कर्षमा पुगिने यस भागलाई उपसंहार पनि भनिन्छ ।

### २.४.४ अनुच्छेदका प्रकार

हरेक विषय, सन्दर्भ, वस्तु, घटनाक्रम, स्थान जस्ता कुराहरु आ आफ्नै प्रकारमा बाँडिएका हुन्छन् । त्यस्तै अनुच्छेद पनि विभिन्न प्रकाका रहेका छन् ।

क) आत्मपरक अनुच्छेद

ख) वस्तुपरक अनुच्छेद

ग) आख्यानात्मक अनुच्छेद

घ) तार्किक अनुच्छेद

ङ) भावनात्मक अनुच्छेद

च) विश्लेषणात्मक अनुच्छेद

छ) आलङ्कारिक अनुच्छेद

ज) व्याख्यात्मक अनुच्छेद

यसरी जम्मा आठ प्रकारका अनुच्छेदको चर्चा गर्ने व्यक्ति बराल र एटम हुन् । लेखनगत शैली तथा अभिव्यक्तिका आधारमा अनुच्छेदका प्रकारहरुको छोटो वर्णन गर्न सकिन्छ ।

**क) आत्मपरक अनुच्छेद**

मनका कुराहरुलाई लेखकीय व्यक्तित्वले भरिएको आत्मनिष्ठ अनुच्छेदलाई आत्मपरक अनुच्छेद भनिन्छ । कुनै विषय वा शीर्षकमा आफुलाई केन्द्रविन्दु बनाएर आफ्नो मनमा लागेका अनुभूतिहरुलाई आत्मकथाको शैलीमा व्यक्त गरिन्छ ।

**ख) वस्तुपरक अनुच्छेद**

भावलाई त्यति महत्त्व नदिई बाहिरी वस्तुलाई बढी महत्त्व दिएर लेखिने अनुच्छेदलाई वस्तुपरक अनुच्छेद भनिन्छ । कुनै पनि विषय वा शीर्षकलाई केन्द्र बनाइ त्यससँग सम्बन्धित वास्तविक तथ्य सत्य कुराको वर्णन गरी लेखिने अनुच्छेद वस्तुपरक अनुच्छेद हो । शीर्षकलाई केन्द्र विन्दु वर्णनात्मक शैलीमा लेखिएको अनुच्छेदलाई वस्तुपरक अनुच्छेद भनिन्छ ।

**ग)	आख्यानात्मक अनुच्छेद**

कुनै पनि विषय शीर्षकमा दिइएका घटना क्रममा बुँदाहरु जोडी घटनाको सिलसिला मिलाएर लेखिएको अभिव्यक्तिलाई आख्यानात्मक अनुच्छेद भनिन्छ । यसमा घटना र चरित्र क्रमबद्ध रुपमा जोडेर कथाको रुपमा अनुच्छेद लेखिन्छ ।

**घ)	तार्किक अनुच्छेद**

कुनै विषय शीर्षकको कुनै एक पक्षमा पाठकलाई सहमत असहमत तुल्याउन तर्कहरु प्रस्तुत गरिएको लेखनलाई तार्किक अनुच्छेद भनिन्छ । लेखाइमा लामा वाक्यहरुका साथै विशेषण र बौद्धिकताले भरिएका कठिन भइकन गहकिलो तथा विचारात्मक ओज गुणले युक्त शैली प्रस्तुत गरी अनुच्छेद लेखिन्छ ।

**ङ)	भावनात्मक अनुच्छेद**

भावनालाई केन्द्रविन्दु बनाएर काल्पनिक रुपले लेखिएको भावयुक्त अनुच्छेदलाई भावनात्मक अनुच्छेद भनिन्छ । कुनै विषय शीर्षकमा केन्द्रित रहेर अनुभवलाई आफ्ना भावनामा रङ्गाएर लेख प्रस्तुत गरिन्छ । मनमा उब्जने भावनालाई पोखेर काल्पनिक रुपमा अनुच्छेद लेख्ने कार्य गरिन्छ ।

**च)	विश्लेषणात्मक अनुच्छेद**

कुनै पनि विषय वस्तुका राम्रा र नराम्रा पक्षलाई खोजतलास गरी तथ्यपूर्ण विषयहरुको व्याख्या वर्णनबाट निष्कर्ष निकालिएको लेखन अभिव्यक्तिलाई विश्लेषणात्मक अनुच्छेद भनिन्छ ।

**छ)	आलङ्कारिक अनुच्छेद**

कुनै पनि विषयमा ज्यादै चोटिलो ढङ्गले आलङ्कारिक प्रयोग गरी लेखिएको साहित्यको चमत्कारपूर्ण वर्णनले भरिएको अभिव्यक्तिलाई आलङ्ककारिक अनुच्छेद भनिन्छ । कुनै विषय शीर्षकको वर्णनमा अनुप्रासा, उपमा दृष्टान्त प्रयोग गर्नु आलङ्कारिक अभिव्यक्तिको प्रयोग मानिन्छ ।

**ज)  व्याङ्ग्यात्मक अनुच्छेद**

कुनै विषय वस्तु, प्रवृत्ति, शीर्षकप्रति व्यङ्ग्ग गरी लेखिएको अनुच्छेदलाई व्याङ्ग्यात्मक अनुच्छेद लेखन भनिन्छ (बराल र एटम, २०६४) ।

**२.४.५ अनुच्छेद लेखनका लागि योजना कसरी गर्ने :**

अनुच्छेद लेख्नु अघि निम्न अनुसारको क्रममा योजना गर्नु उपयुक्त मानिन्छ ।

क)  विषय शीर्षकको छनोट

ख)  अभिव्यक्ति प्रकारको निर्धारण

ग)  बुँदा टिपोट र बुँदाहरुको क्रम निर्धारण

घ)  पहिलो लेखन

ङ)  दोस्रो लेखन

**२.४.६ अनुच्छेद लेखनका विधि र प्रक्रिया**

कुनै पनि व्यक्तिले स्वतन्त्र ढङ्गले विषय शीर्षक छनोट गरी अनुच्छेद लेख्न पनि सक्छन् । विद्यालयमा शिक्षकले विद्यार्थीलाई उनीहरुको स्तर, दक्षता, क्षमता अनुसार पाठ्य पुस्तक वा अन्य कुनै विधि तथा उपायबाट शीर्षक दिएर एक अनुच्छेद लेख्न लगाउन सकिन्छ । अनुच्छेद लेखन सम्बन्धी विविध नियमहरुलाई समेटेर विभिन्न विद्वानहरुले त्यससँग सम्बन्धित विधि र प्रक्रियालाई अगाडि सार्ने कार्य गरेको पाइन्छ । ती मध्ये केही विद्वानहरुका मत अनुसार अनुच्छेद लेखनका तरिकामा ध्यान दिनुपर्ने कुराहरुलाई समेट्न सकिन्छ ।

**क)  अनुच्छेद लेख्दा ध्यान दिनुपर्ने कुराहरु**

- शीर्षकको बारेमा मनन गरी शीर्षक चयन गर्नुपर्छ ।
- शीर्षक चयन गरी सकेपछि सम्बन्धित बुँदालाई कुन भागमा राख्ने मनन् गर्नुपर्छ ।
- विषय वस्तु प्रस्तुत गर्ने शैली छनोट गर्नुपर्छ ।
- विषयलाई निर्धारण गरिएको शैली अनुरुप विस्तार गर्नुपर्छ ।
- परिस्कार र परिमार्जन गरी उपयुक्त शीर्षक राख्नुपर्छ (ज्ञवाली र भट्टराई, २०६४:२०८) ।

**ख)  अनुच्छेद लेख्ने तरिका**

अनुच्छेद लेखनका तरिका निम्नानुसार छन् :

- कुनै पनि शीर्षकसँग विषय वस्तुलाई राम्रोसँग उभ्याउने र त्यसका बुँदाहरु सम्झने वा लेख्ने ।
- मनन गरिएका बुँदाहरुलाई आदि, मध्य र अन्तय कहाँ कहाँ राख्ने भन्ने निश्चित गर्ने ।
- सबै भन्दा माथि शीर्षक राखेर एक अनुच्छेद मात्र लेख्ने ।
- अनुच्छेद लेखनका क्रममा निर्देशित शैलीलाई अपनाउने ।
- लेखनलाई क्रमबद्ध र पूर्ण बनाउने (बराल र एटम, २०६४:१६३) ।

**ग)  अनुच्छेद लेखनको विधि र प्रक्रिया**

तोकिएको शीर्षक वा विचार बारे तोकिएकै प्रकारमा अनुच्छेद लेखन गर्न सामान्यतः केही विधि र प्रक्रियाहरु अपनाइन्छ ।

- कुनै पनि विषय बारे राम्रो चिन्तन मनन गर्ने, आफ्नो ज्ञानको उपयोग गरी मनमनै बुँदा लेखनका लागि आवश्यक पर्ने जति बुँदाहरु चयन गर्ने ।
- टिपोट गरिएका बुँदाहरु टिपी एक पटक शीर्षकसँग भिडाएर हेर्ने र तिनको विवरण आदि, मध्य र अन्त्य भागमा गर्ने ।
- सङ्गठित बुँदाहरु आत्मपरक, वस्तुपरक आदि जुन प्रकारमा लेख्नुछ त्यस प्रकारमा बुँदा पिच्छे एक एक वाक्य लेखी खेस्रा तयार गर्ने ।
- खेस्रा संशोधन र परिमार्जन गरी क्रमबद्धता पनि मिलाउने ।
- शुद्ध स्पष्ट र प्रभावकारी भाषाको प्रयोग गरी परिस्कार गर्ने र अन्तिम रुपको साफी गर्ने (शर्मा, २०५७:१००) ।

अनुच्छेद लेखन कार्य तल्लो कक्षाका विद्यार्थीहरुका लागि भन्दा विशेष गरी माथिल्ला कक्षाका विद्यार्थीहरुका लागि बढी प्रभावकारी रुपमा मान्न सकिन्छ । अझ नि.मा.वि. तहका विद्यार्थीहरुका लागि विभिन्न विषय शीर्षकमा रहेर विभिन्न प्रकारका अनुच्छेदहरु विद्यार्थीको स्तर, रुची, क्षमताका आधारमा बारम्बार अभ्यास गराइ सैद्धान्तिक रुपमा क्रमशः ज्ञान दिनुपर्छ । विद्यार्थीहरुमा आत्म मूल्याङ्कन गर्ने भाषालाई शुद्ध रुपमा

प्रस्तुत गर्ने लेखन शैलीको विकास र मौलिकता बढाउने जस्ता विविध पक्षको विकासमा अनुच्छेद लेख्ने सहायता मिल्दछ ।

विचारलाई सरल र सहज तरिकाले लेखेर प्रकट गरिने माध्यम अनुच्छेद लेखन भएकाले निरन्तर अभ्यासबाट यसको लेखन कलामा स्तरीयता तथा तिक्ष्णता ल्याउन सकिनछ । अनुच्छेद लेखनलाई आदि, मध्य र अन्त्यको तारतम्यमा ३-४ वाक्यदेखि २०-२५ वाक्यसम्म अर्थात १५० शब्दसम्मको विस्तारमा छोटो रुपमै रचना गर्न सकिन्छ ।

अनुच्छेदका प्रकारहरुलाई शैली र अभिव्यक्तिका आधारमा आत्मपरक, वस्तुपरक, भावपरक, आख्यानात्मक, तार्किक, विश्लेषणात्मक, आलङ्कारिक र व्यङ्ग्यात्मक अनुच्छेद गरी आठ प्रकारमा बाँडिएको पाइन्छ ।

विद्यार्थीहरुलाई अनुच्छेद लेखनका विविध विधि र प्रक्रियामा प्रशस्त ज्ञान दिलाइ विषय शीर्षक दिएर वा समसामयिक विषय वस्तुमा लेखन गराउन सकिन्छ ।

# अध्याय : तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको विधि

कुनै पनि अनुसन्धानात्मक कार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउनका निम्ति अवलम्बन गरिने विधिलाई नै अध्ययन विधि भनिन्छ । अनुच्छेद लेखनको पर्याप्त विकास विस्तार गर्न अध्ययनीय तहका विद्यार्थीहरुको उक्त कार्य सम्बन्धित वास्तविकता पत्ता लगाउनु, सम्बन्धित विषयमा आफ्ना विचार के कति प्रकट गर्न सक्छ भन्ने सन्दर्भमा विद्यार्थी दक्षता, क्षमता पहिचान गरी अध्येताद्वारा तोकिएको समय, सीमा तथा नियम र निर्देशन अनि अध्ययनको उद्देश्य बमोजिम सर्वप्रथम पूर्व परीक्षण गरी त्यसको आधारमा प्रतिनिधि नमुना छनोट गरी अध्ययनलाई अगाडि बढाउन सकिन्छ । अतः यस लघु अध्ययनमा पनि निष्कर्षमा पुग्नका निम्ति निम्नानुसारका अध्ययन विधि अपनाइएको छ ।

## ३.२ अध्ययनको ढाँचा

शोध अनुसन्धानलाई तार्किक, व्यवस्थित, तथ्यपरक बनाउन अथवा शोधकार्यलाई निर्धारित उद्देश्य अनुसार के कसरी सुसम्पन्न गर्ने भन्ने तौरतरिका वा ढाँचा विधिमा उल्लेख गरिन्छ । विधिले अध्ययन गरिने विषयमा नमुना छनोट, सामग्री वा तथ्याङ्क सङ्कलन, तयारी व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता कार्यलाई निर्देशित गर्दछ । मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित यस अध्ययनलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउन परिमाणात्मक ढाँचाको मिश्रित विधि अपनाइएको छ ।

## ३.३ जनसङ्ख्या

प्रस्तुत अध्ययन **तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता** भएकोले यस अध्ययनको जनसङ्ख्या भन्नाले तनहुँ जिल्लामा शैक्षिक वर्ष २०७२ मा अध्ययन गर्ने ५ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालय गरी जम्मा १० वटा विद्यालयका कक्षा सातमा अध्ययनरत १०० जना विद्यार्थीहरुलाई जनसङ्ख्याको रुपमा लिइएको छ ।

## ३.४ प्रतिनिधि नमुना

जुनसुकै पनि अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न सम्भव र असम्भव हुने भएकाले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी निश्चित सङ्ख्यालाई प्रतिनिधि नमुनाका रुपमा लिनुपर्दछ । नमुना छनोट गर्दा सम्पूर्ण जनसङ्ख्याका महत्त्वपूर्ण पक्षहरु प्रतिबिम्बित हुनुपर्दछ ।

प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी सम्भावना नमुना छनोट विधिलाई अवलम्बन गरिएको छ । सम्भावना नमुना छनोट विधि अन्तर्गत तनहुँ जिल्लाको सत्यवती उच्च मा.वि., बालमन्दिर मा.वि., सिद्धेश्वरी मा.वि., महर्षि वेदव्यास संस्कृत उ.मा.वि., प्रभा नि.मा.वि., विश्व शान्ति बोर्डिङ स्कुल, व्यास मनकामना बोर्डिङ स्कुल, ग्रिनस्टार बोर्डिङ स्कुल, शान्ति वर्ष बोर्डिङ स्कुल र महमाई बोर्डिङ स्कुलका ५०/५० जना विद्यार्थी पर्ने गरी प्रतिनिधि छनोट गएिको छ । यसरी छनोट गरिएका विद्यालयहरु सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय र निजी क्षेत्रद्वारा सञ्चालित संस्थागत विद्यालयहरु र तिनै विद्यालयका १०० जना विद्यार्थीहरुलाई यस अध्ययनको प्रतिनिधि नमुनाको रुपमा लिइएको छ ।

## ३.५ सामग्री निर्माण

प्रस्तुत शोधपत्र मुलतः कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त शीर्षकमा लेखिएको अनुच्छेद तथा प्राप्त तथ्याङ्कका आधारमा तयार पारिने भएकाले सामग्री निर्माणका लागि शोधकर्ताले विद्यार्थीको स्तर अनुरुप अनुच्छेद लेखन शीर्षक निर्माण गरिने छ । अनुच्छेद लेखनका रुपमा विद्यार्थीहरुको सामाजिक, मनोवैज्ञानिक, शैक्षिक स्तरलाई ध्यानमा राखेर शीर्षक चयन गरिएको छ ।

## ३.६ प्रारम्भिक अध्ययन

अनुच्छेदको मस्यौदा तयार भएपछि शोध निर्देशकको आवश्यक सल्लाह लिई आवश्यक सम्पादन गरियो । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा उक्त अनुच्छेद प्राम्भिक अध्ययन गरियो । उक्त अध्ययनबाट प्राप्त अनुभवका आधारमा प्रश्नावलीमा भएका सामान्य त्रुटिलाई हटाइ आवश्यक सुधार एवम् परिमार्जन गरियो । परिमार्जन अनुच्छेदलाई अन्तिम रुप दिइसकेपछि परीक्षण कार्यान्वयनका लागि तयार पारियो ।

## ३.७ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा तनहुँ जिल्लाका गोला प्रथाद्वारा छनोट गरिएका विद्यालयका विद्यार्थीहरुलाई शोध निर्देशकको सल्लाह अनुसार बनाइएको प्रश्नको आधारमा अनुच्छेद लेख्न प्रेरित गरियो । प्रस्तुत अनुसन्धान अध्ययनका लागि अध्येताले सम्बन्धित विद्यालयका विद्यालय प्रशासन र संस्थापकहरुसँग गरेको मौखिक अनुरोधका आधारमा समन्वय गर्दै तथ्याङ्क सङ्कलन कार्यलाई अगाडि बढाइयो । नमुना जनसङ्ख्याका रुपमा चयन गरिएका विद्यालयहरुबाट अध्येताले अपेक्षाकृत सहयोग प्राप्त गरेपछि ती विद्यालयहरुबाट सङ्कलन गरिएका अनुच्छेद लेखिएका उत्तर पुस्तिकालाई शोध निर्देशकको सुझावका आधारमा प्रक्रियागत रुपमा जाँच गरियो । प्राप्त प्राप्ताङ्कलाई उत्तर पुस्तिकाको स्थान अनुकुल अङ्कित गरियो । परीक्षणलाई स्तरीय स्पष्ट र प्रभावकारी बनाउनका लागि अनिवार्य नेपालीमा रहेको अनुच्छेद लेखन सम्बन्धी विषय शीर्षकसँग रहेका कक्षा सातको उत्तर पुस्तिका नमुना अभ्यासलाई आधार मानेर परिस्कार गरी विषय वस्तुको संयोजन भाषिक प्रस्तुतीकरण भाषिक शुद्धता, भाषिक स्तरीयता जस्ता पक्षमा केन्द्रित गरी परीक्षण गरियो ।

## ३.८ तथ्याङ्कको विश्लेषण

तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त अनुच्छेद लेखिएका उत्तर पुस्तिकाका परीक्षण कार्य सम्पन्न भएपछि प्राप्त तथ्याङ्कहरुको विश्लेषण गर्नका लागि नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरुको मध्यमान निकालियो । मध्यमानका आधारमा नै औसत विचलन कति माथि र कति तल छ भनी हेर्नका लागि मानक विचलन निकालियो । समग्रमा छुट्टाछुट्टै तालिका निर्माण गरी तिनै तालिकाको आधारमा मध्यमान भन्दा औसत विचलन कति माथि र तल छ भनी मानक विचलनको माध्यमद्वारा विश्लेषण गरियो ।

प्रस्तुत अध्ययनमा क्रममा उपयोगमा ल्याइएका सुत्रहरु निम्नानुसार रहेका छन् :

१) प्रतिशत गणना गर्न उपयोगमा ल्याइएको सूत्र

$$P = \frac{R}{T} \times 100$$

यहाँ

P : प्रतिशत

R : प्राप्ताङ्क विद्यार्थी सङ्ख्या

T : कूल विद्यार्थी सङ्ख्या

# अध्याय : चार

# नतिजा र छलफल

प्रस्तुत अध्याय तनहुँ जिल्लाका **कक्षा सातमा अध्ययनरत विद्यर्थीहरुको अनुच्छेद लेखन क्षमता** शीर्षक अन्तर्गत रहेर विभिन्न विद्यालयमा गई अनुच्छेद लेखन क्षमताको परीक्षणका लागि सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषण गरिएको छ । अनुच्छेद  लेखन क्षमताको विश्लेषण गर्न विभिन्न आधारहरु लिइएको छ । अध्ययन विधि अनुसार संस्थागत र सामुदायिक विद्यालयमा अध्यनरत १०० जना विद्यार्थीहरुबाट आवश्यक तथ्य सङ्कलन गरी त्यसैका आधारमा व्याख्या एवम् विश्लेषण गरिएको छ । व्याख्या एवम् विश्लेषणका लागि मध्यमान, मानक विचलन र प्रतिशत जस्ता साङ्ख्यिकीयको उपयोग गरिएको छ ।

उक्त अध्ययनबाट प्राप्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रुप दिन प्रतिशत गणनालाई मुख्य रुपमा अगाडि सारिएको छ । अनुच्छेद लेखनको प्रतिशत गणना गर्दा समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतालाई शुद्धता, शैली, उपयुक्त र मौलिक शब्द सङ्ख्याको प्रयोग जस्ता आधार बनाइ र समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गरी विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएको प्रतिशताङ्क गणना विधिको स्वरुप निम्नानुसार उल्लेख गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता

### ४.१.१ विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको विवरण

**तालिका नं. १**

**शुद्धता प्रयोगको आधारमा**

| विद्यालयको प्रकार | शुद्धता प्रयोग गर्ने जम्मा | प्रतिशत | शुद्धता प्रयोग नगर्ने जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| संस्थागत विद्यालय | 29 | 58 | 21 | 42 |
| सामुदायिक विद्यालय | 32 | 64 | 18 | 36 |

उपर्युक्त तालिका अनुसार २ श्रेणी निर्धारण गरी अनुच्छेदमा शुद्धता प्रयोग गर्ने र नगर्ने विद्यार्थीहरुको सङ्ख्या र प्रतिशत रहेको छ । संस्थागत विद्यालय र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखनमा शुद्धताको प्रयोग गर्ने ५८ र ६४ प्रतिशत रहेको छ । यस नतिजाले विद्यार्थीहरुको अनुच्छेद लेखनमा शुद्धताको प्रयोग गर्ने क्षमता सामुदायिकमा उच्चतम रहेको अवस्थालाई देखाउँछ । जसले गर्दा विद्यार्थीहरुमा अनुच्छेदमा शुद्धताको प्रयोग गर्नु पर्दछ भन्ने ज्ञान भइसकेको देखिन्छ ।

**तालिका नं. २**

**भाषाशैली प्रयोगको आधारमा**

| विद्यालयको प्रकार | भाषा शैली प्रयोग गर्ने जम्मा | प्रतिशत | भाषा शैली प्रयोग नगर्ने जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| संस्थागत विद्यालय | 33 | 66 | 17 | 34 |
| सामुदायिक विद्यालय | 32 | 64 | 18 | 36 |

उपर्युक्त तालिका अनुसार २ श्रेणी निर्धारण गरी अनुच्छेदमा भाषा शैली प्रयोग गर्ने र नगर्ने विद्यार्थीको सङ्ख्या र प्रतिशत राखिएको छ । अनुच्छेदमा भाषा शैली प्रयोग गर्ने संस्थागतमा ६६ प्रतिशत र सामुदायिक विद्यालयमा ६४ प्रतिशत रहेको देखिन्छ । जसले गर्दा विद्यार्थीहरुमा भाषा शैली प्रयोग गर्नु पर्दछ भन्ने धारणा बसिसकेको रहेछ भन्ने स्पष्ट हुन आउँछ ।

**तालिका नं. ३**

**मौलिक शब्द प्रयोगको आधारमा**

| विद्यालयको प्रकार | मौलिक शब्द प्रयोग गर्ने | प्रतिशत | मौलिक शब्द प्रयोग नगर्ने | प्रतिशत |
|---|---|---|---|---|
| संस्थागत विद्यालय | 30 | 60 | 20 | 40 |
| सामुदायिक विद्यालय | 33 | 66 | 17 | 34 |

माथिको तालिका अनुसार २ श्रेणी अनुसार अनुच्छेदमा मौलिक शब्दको प्रयोग गर्ने र नगर्ने विद्यार्थीहरुको सङ्ख्या र प्रतिशत राखिएको छ । अनुच्छेदमा मौलिक शब्दको प्रयोग गर्ने संस्थागतमा ६० प्रतिशत र सामुदायिकमा ६६ प्रतिशत देखिन्छ । जसले गर्दा

मौलिक शब्दहरुको प्रयोग गर्नु पर्दछ भन्ने धारणा सामुदायिक विद्यालयका विद्यार्थीहरुमा बसिसकेको र मौलिक शब्द प्रयोग गर्ने धारणा संस्थागत विद्यालयका विद्यार्थीहरुमा विकास हुँदै गरेको देखिन्छ ।

**तालिका नं. ४**

**शब्द सङ्ख्याको प्रयोग (५० शब्द भन्दा बढी)**

| विद्यालयको प्रकार | ५० शब्द भन्दा बढी शब्द प्रयोग गर्ने | प्रतिशत | १०० शब्द भन्दा कम शब्द प्रयोग गर्ने | प्रतिशत |
|---|---|---|---|---|
| संस्थागत विद्यालय | 33 | 66 | 17 | 34 |
| सामुदायिक विद्यालय | 36 | 72 | 14 | 28 |

माथिको तालिकामा २ श्रेणी निर्धारण गरी अनुच्छेदमा संस्थागत विद्यालयका विद्यार्थीहरु र सामुदायिक विद्यालयका विद्यार्थीहरुले अनुच्छेदमा ५० शब्द भन्दा बढी शब्द प्रयोग गर्ने र १०० शब्द भन्दा कम शब्द प्रयोग गर्ने विद्यार्थीहरुको सङ्ख्या र प्रतिशतलाई देखाइएको छ । जसमा संस्थागत विद्यालय ५० शब्द भन्दा बढी शब्द प्रयोग गर्नेको सङ्ख्या र प्रतिशत ३३ र ६६ रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थी ५० शब्द भन्दा बढी शब्द प्रयोग गर्नेको सङ्ख्या र प्रतिशत ३६ र ७२ रहेको देखिन्छ । जसले गर्दा उक्त तालिकाबाट संस्थागत विद्यालयको विद्यार्थीहरुको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लेखन क्षमता उच्च रहेको देखिन्छ ।

**तालिका नं. ५**

**वर्ण विन्यास सम्बन्धी त्रुटिको आधारमा**

| विद्यालयको प्रकार | वर्ण विन्यास सम्बन्धी त्रुटि गर्ने | प्रतिशत | वर्ण विन्यास सम्बन्धी त्रुटि नगर्ने | प्रतिशत |
|---|---|---|---|---|
| संस्थागत विद्यालय | 24 | 48 | 26 | 52 |
| सामुदायिक विद्यालय | 25 | 50 | 25 | 50 |

माथिको तालिकामा २ श्रेणी निर्धारण गरी अनुच्छेदमा वर्ण विन्यास सम्बन्धी त्रुटि गर्ने र नगर्ने विद्यार्थीहरुको सङ्ख्या र प्रतिशत तुलना गरिएको छ । वर्ण विन्यास (ह्रस्व दीर्घ) सम्बन्धी त्रुटि गर्ने संस्थागत विद्यालयमा ४८ प्रतिशत र सामुदायिक विद्यालयमा

५० प्रतिशत रहेको देखिन्छ । तालिकाका आधारमा वर्ण विन्यास सम्बन्धी ज्ञान संस्थागत विद्यालयका विद्यार्थीहरुको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको उच्च रहेको देखिन्छ ।

**तालिका नं. ६**

**पद सङ्गति सम्बन्धी त्रुटि**

| विद्यालयको प्रकार | पद सङ्गति सम्बन्धी त्रुटि गर्ने | प्रतिशत | पद सङ्गति सम्बन्धी त्रुटि नगर्ने | प्रतिशत |
|---|---|---|---|---|
| संस्थागत विद्यालय | 23 | 46 | 27 | 54 |
| सामुदायिक विद्यालय | 36 | 52 | 14 | 28 |

माथिको तालिका अनुसार २ श्रेणी अनुसार अनुच्छेदमा पद् सङ्गति सम्बन्धी त्रुटि गर्ने र पद सङ्गति सम्बन्धी त्रुटि नगर्ने गरी विद्यार्थीहरुको सङ्ख्या र प्रतिशत राखिएको छ । पद सङ्गति सम्बन्धी त्रुटि गर्ने संस्थागत विद्यालयको २३ र ४६ प्रतिशत र सामुदायिक विद्यालयको ३६ र ५२ प्रतिशत रहेको देखिन्छ । त्यसैले तालिकाको आधारमा पद सङ्गतिको प्रयोग संस्थागत विद्यालयका विद्यार्थीहरुको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको अलि राम्रो रहेको देखिन्छ ।

माथिको तालिकामा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतालाई विभिन्न अङ्गलाई आधार मानी तुलनात्मक विश्लेषण गरिएको छ । अनुच्छेदलाई शुद्धता, भाषाशैली, मौलिक शब्द, शब्द सङ्ख्याको प्रयोग, पद सङ्गति सम्बन्धी त्रुटि र वर्ण विन्यास सम्बन्धी त्रुटि जस्ता आधार बनाइ विश्लेषण गरिएको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी र संस्थागत विद्यालयका विद्यार्थीहरुको लेखन क्षमतालाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरी सङ्ख्या र प्रतिशतमा तुलनात्मक विश्लेषण गरिएको छ ।

माथिको विश्लेषणमा संस्थागत विद्यालयको अनुच्छेद लेखन क्षमता मूल्याङ्कनको आधारमा समग्रमा ५७.३३ प्रतिशतले राम्रो गरेको देखिन्छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतालाई पनि समग्र रुपमा मूल्याङ्कन गर्दा ६१.३३ प्रतिशतले राम्रो गरेको देखिन्छ । उक्त विश्लेषणबाट संस्थगत विद्यालयका विद्यार्थीहरु भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ४.१.२ अनुच्छेदका अङ्गका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको विवरण

**तालिका नं. ७**

**अनुच्छेदका अङ्गका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको विवरण**

| आधारहरु | | विद्यालयको प्रकार | |
|---|---|---|---|
| | | संस्थागत विद्यालयका जम्मा विद्यार्थी ५० | सामुदायिक विद्यालयका जम्मा विद्यार्थी ५० |
| शुद्धता | सङ्ख्या | 29 | 32 |
| | प्रतिशत | 58 | 64 |
| भाषा शैली | सङ्ख्या | 33 | 32 |
| | प्रतिशत | 66 | 64 |
| मौलिक शब्द | सङ्ख्या | 30 | 33 |
| | प्रतिशत | 60 | 66 |
| वर्ण विन्यास सम्बन्धी त्रुटि | सङ्ख्या | 24 | 25 |
| | प्रतिशत | 48 | 50 |
| शब्द सङ्ख्याको प्रयोग | सङ्ख्या | 33 | 36 |
| | प्रतिशत | 66 | 72 |
| पद सङ्गति सम्बन्धी त्रुटि | सङ्ख्या | 23 | 26 |
| | प्रतिशत | 46 | 52 |

माथिको तालिका अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरुको कुल सङ्ख्या ५० मा अनुच्छेदका अङ्गका आधारमा हेर्दा शुद्धताको प्रयोग गर्ने विद्यार्थीको सङ्ख्या २९ अर्थात् ५८%, भाषा शैली मिलाउने जम्मा विद्यार्थी सङ्ख्या ३३ अर्थात् ६६%, मौलिक शब्दको प्रायेग गर्ने जम्मा विद्यार्थी सङ्ख्या ३० अर्थात् ६०%, वर्ण विन्यास सम्बन्धी त्रुटि गर्ने जम्मा विद्यार्थी सङ्ख्या २४ अर्थात् ४८%, शब्द सङ्ख्याको प्रयोग गर्ने जम्मा विद्यार्थी

सङ्ख्या ३३ अर्थात् ६६% र पद सङ्गति सम्बन्धी त्रुटि गर्ने जम्मा विद्यार्थी सङ्ख्या २३ अर्थात् ४६% रहेका छन् । यस अनुसार अनुच्छेदका विभिन्न अङ्गका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको विश्लेषण गर्दा सबैभन्दा बढी ६६% विद्यार्थीले अनुच्छेदको अङ्ग भाषा शैली र शब्द सङ्ख्याको प्रयोग मिलाएको देखिन्छ भने सबैभन्दा कम ४६% विद्यार्थीले मात्र पद सङ्गति सम्बन्धी त्रुटि प्रयोग गरेको देखिन्छ ।

त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरुको कुल सङ्ख्या ५० मा अनुच्छेदका अङ्गका आधारमा हेर्दा शुद्धता मिलाउने जम्मा विद्यार्थी सङ्ख्या ३२ अर्थात् ६४%, भाषा शैली प्रयोग गर्ने जम्मा विद्यार्थी सङ्ख्या ३२ अर्थात् ६४%, मौलिक शब्दको प्रयोग गर्ने जम्मा विद्यार्थी सङ्ख्या ३३ अर्थात् ६६%, वर्ण विन्यास सम्बन्धी त्रुटि गर्ने जम्मा विद्यार्थी सङ्ख्या २५ अर्थात् ५०%, शब्द सङ्ख्याको प्रयोग गर्ने जम्मा विद्यार्थी सङ्ख्या ३६ अर्थात् ७२% र पद सङ्गति सम्बन्धी त्रुटिको प्रयोग गर्ने जम्मा विद्यार्थी सङ्ख्या २६ अर्थात् ५२% रहेका छन् । यस अनुसार अनुच्छेदका विभिन्न अङ्गका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको विश्लेषण गर्दा सबैभन्दा बढी ७२% विद्यार्थीले अनुच्छेदको अङ्ग शब्द सङ्ख्याको प्रयोग देखिन्छ भने सबैभन्दा कम ५० प्रतिशत वर्ण विन्यास सम्बन्धी त्रुटिको प्रयोग गरेको देखिन्छ ।

### ४.१.३ समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता विवरण

**तालिका नं. ८**

**समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता विवरण**

| कुल विद्यार्थी सङ्ख्या | नराम्रो ०-१० सम्म | | मध्यम १०-२० सम्म | | राम्रो २०-४० सम्म | | उत्कृष्ट ४०-५०सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 50 ±50 100 | 22 | 22 | 39 | 39 | 34 | 34 | 5 | 5 |

उपर्युक्त तालिका अनुसार समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रुपमा छनोट गरिएका कुल १०० जनालाई उनीहरुको

प्राप्ताङ्क प्रतिशतको चार श्रेणीमा निर्धारण गरिएको छ । जस अनुसार नराम्रो (०-१०) सम्म अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २२ प्रतिशत देखिन्छ । मध्यम (१०-२०) सम्म ३० प्रतिशत अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरु रहेको देखिन्छ । राम्रो (२०-४०) सम्म अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरु ३४ प्रतिशत रहेको देखिन्छ । उत्कृष्ट (४०-५०) सम्म अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरु ५ प्रतिशत मात्र रहेको देखिन्छ ।

न्यूनतम श्रेणीका रुपमा मापन गरिएको कम प्राप्ताङ्क गर्ने विद्यार्थीको सङ्ख्या (२२%) र उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या (५%) बढी मात्रामा फरक देखिनाले समग्रतामा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता उच्च रहेको देखिन्छ । तालिकामा उल्लेख भए अनुसार (१०-२०) सम्म ल्याउने विद्यार्थीको सङ्ख्या ३९ प्रतिश देखिनुले विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता सन्तोषजनक देखिन्छ । तर समग्र रुपमा हेर्दा (२०-४०) सम्म ३४ प्रतिशत मात्र देखिन्छ । यस नतिजाले विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता कमजोर नरहेको अवस्थालाई सङ्केत गर्दछ ।

### ४.१.४ सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता विवरण

**तालिका नं. ९**

**सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता विवरण**

| कुल विद्यार्थी सङ्ख्या | नराम्रो ०-१० सम्म | | मध्यम १०-२० सम्म | | राम्रो २०-४० सम्म | | उत्कृष्ट ४०-५०सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 50 | 7 | 14 | 28 | 56 | 12 | 24 | 3 | 6 |

उपर्युक्त तालिका अनुसार चार श्रेणी निर्धारण गरी अनुच्छेद लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न सामुदायिक विद्यालयका विद्यार्थीहरुबाट नमुना प्रतिनिधि जनसङ्ख्याका रुपमा ५० जना विद्यार्थीहरुलाई चयन गरिएको छ । प्रस्तुत अध्ययनमा ०-१० सम्म नराम्रो श्रेणीका रुपमा निर्धारण गरिएको छ । ०-१० सम्म अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरु १४ प्रतिशत देखिन्छ । १०-२० सम्म अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ५६ प्रतिशत देखिएको छ । राम्रो (२०-४०) सम्म अनुच्छेद

लेखन क्षमता भएका विद्यार्थीहरु २४ प्रतिशत देखाइएको छ । उत्कृष्ट (४०-५०) सम्म अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ६ प्रतिशत मात्र रहेको देखिनुले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको क्षमता उच्च रहेको मान्न सकिन्छ ।

१०-२० सम्मलाई आधार मानेर समग्रमा ५६ प्रतिशत निर्धारण गरी माथिका विद्यार्थीलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गदा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतामा सन्तोषजनक तथ्य पाउन सकिनछ । २०-४० लाई आधार मानेर अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २४ प्रतिशत मात्र देखिनु यस तथ्यलाई छर्लङ्ग पारेको छ ।

यसरी (०-१०) सम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १४ प्रतिशत र (४०-५०) सम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ६ प्रतिशत मात्र देखिनु सरकारी विद्यालयमा अध्ययनरत कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतामा एकरुपता भएको र अनुच्छेद लेखन क्षमता कमजोर नरहेको देखिन्छ । यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता कमजोर नहुनुमा विद्यालयको भौतिक सेवा सुविधामा कमी नहुनु, विद्यार्थीको आर्थिक अवस्था मध्यम हुनु, विद्यार्थीको सङ्ख्या कम हुनु रहेको देखिन्छ ।

### ४.१.५ संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता विवरण

**तालिका नं. १०**

**संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता विवरण**

| कुल विद्यार्थी सङ्ख्या | नराम्रो ०-१० सम्म | | मध्यम १०-२० सम्म | | राम्रो २०-४० सम्म | | उत्कृष्ट ४०-५०सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 50 | 15 | 30 | 11 | 22 | 22 | 44 | 2 | 4 |

उपर्युक्त तालिका अनुसार चार श्रेणी निर्धारण गरी अनुच्छेद लेखन क्षमताको प्रतिशताङ्क क्षमता पहिचान गर्न संस्थागत विद्यालयका विद्यार्थीहरुबाट नमुना प्रतिनिधि जनसङ्ख्याका रुपमा ५० जना छात्रछात्राहरुलाई चयन गरिएको छ । प्रस्तुत अध्ययनमा ०-१० सम्मका रुपमा निर्धारण गरिएको अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३० प्रतिशत देखिन्छ । सबैभन्दा कम १०-२० सम्म मध्यम अनुच्छेद लेखन क्षमता

भएका विद्यार्थीहरुको सङ्ख्या २२ प्रतिशत देखिन्छ । ४०-५० सम्म अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ४ प्रतिशत रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा उच्च श्रेणी मापन गरिएको ४०-५० सम्म ४ प्रतिशत रहेको देखिन्छ ।

यसरी राम्रोलाई आधार मानेर समग्रमा ४४ प्रतिशत निर्धारण गरी माथिका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतालाई सन्तोषजनक रहेको वा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता कमजोर नरहेको अवस्थालाई सङ्केत गर्दछ ।

यसरी १०-२० सम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या २२ प्रतिशत र २०-४० सम्म अनुच्छेद लेखनमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ४४ प्रतिशत देखिनुले संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता कमजोर रहेको देखिन्छ । यसरी संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता सन्तोषजनक नदेखिनुमा विद्यालयको भौतिक अवस्था असक्षम हुनु, शैक्षिक वातावरण उपयुक्त नहुनु, अभ्यासमा बढी जोड नदिइनु, अभिभावकले लगानी गरेका कारण सचेत नदेखिनु कारणहरु हुन सक्ने देखिन्छ ।

## ४.२ संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन

### ४.२.१ अनुच्छेद लेखन क्षमता

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता अध्ययनमा ५० जना सामुदायिक विद्यालयतर्फ ५० जना संस्थागत विद्यालयतर्फ गरी जम्मा १०० जना छात्रछात्राहरुको प्रतिशताङ्क स्थितिका आधारमा अनुच्छेद लेखन क्षमता सम्बन्धी विश्लेषण गरियो । विश्लेषणका क्रममा चार श्रेणी निर्धारण गरिएको प्रतिशताङ्क श्रेणी अन्तर्गत बहुसङ्ख्या विद्यार्थीहरु मध्यम (१०-२०) सम्म लेखन क्षमता भएको पाइन्छन् । यसरी ३९ प्रतिशत विद्यार्थीहरुको प्राप्ताङ्क भएबाट निम्न माध्यमिक तहमा अध्ययन अध्यापन गराइने अनुच्छेद लेखनमा प्रक्रियागत ढाँचाहरु विद्यार्थीहरु स्पष्ट भएको देखिन्छ । सामान्य ढाँचा विषय वस्तु भाषिक शुद्धता र शैली शिल्प अनुच्छेद लेखनका केन्द्रिय पक्षहरु यसतर्फ विद्यार्थीहरुमा अनुच्छेद लेखनको अभ्यास भइरहेको कारण उनीहरुमा सामान्य ज्ञान भएको प्रष्ट अध्ययनले देखाएको छ । प्रस्तुत अध्ययन अनुसन्धान अध्ययनमा निवेदन लेखनका उत्तर पुस्तिकालाई अङ्कन गर्दा सामान्य ढाँचा विषय वस्तुको ज्ञान प्रस्तुतीकरण र भाषिक

शुद्धता उच्च रहेको पाइन्छ । यिनै आधारलाई प्रथक प्रथक रुपमा दृष्टिगत गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरु भन्दा सामुदायिक विद्यायका विद्यार्थीहरुमा विषय वस्तुको ज्ञान प्रस्तुतीकरण र भाषिक शुद्धता उच्च रहेको तथ्याङ्कले देखाउँछ । यसरी सामुदायिक विद्यालयका भन्दा संस्थगत विद्यालयका विद्यार्थीहरुको नेपाली भाषामा लिखित अभिव्यक्ति क्षमता कमजोर हुनुका पछाडि संस्थगत विद्यालयहरुमा अवस्थित शिक्षण, अभ्यासको कमी, अभिभावकहरुले छोराछोरीको पढाइप्रति ध्यान दिन नसक्नु, जस्ता कारणहरु कारक तत्वका रुपमा लिन सकिन्छ । त्यसै गरी विद्यार्थीहरुमा भएका विषयगत ज्ञान शैली शिल्प भाषिक शुद्धता र अनुच्छेद लेखनको सामान्य ढाँचाको ज्ञान संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुमा समान रुपमा देखन्छि ।

समग्रमा निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको लेखाइ अभिव्यक्ति क्षमता सन्तोषजनक भएको देखिन्छ । अनुच्छेद लेखन सम्बन्धी समसामयिक विषयहरुमा समग्र विद्यार्थीहरुको अवस्था अध्ययन गर्दा विषय वस्तु सामान्य ढाँचा र शैली शिल्प सक्षम देखिए पनि भाषिक शुद्धता केही अनविज्ञ रहेको देखिन्छ । विद्यार्थीहरुमा यस्तो अवस्था देखिनुमा शिक्षण सिकाइ क्रियाकलापको सचेत रुपमा उपयोग गर्न नसक्नु हो । संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको क्षमता भन्दा कमजोर देखिनुमा संस्थागत विद्यालयमा विद्यार्थीको बढी कमजोरी खाले हुने हुँदा भौतिक व्यवस्थापन कमजोर हुनु, आर्थिक स्रोतको कमी हुनु, विद्यार्थीका अभिभावकहरु सचेत नहुनु आदि कारणहरु जिम्मेवार छन् । यसर्थ विद्यार्थीहरुमा लिखित अभिव्यक्ति क्षमताको विकास गर्दै अनुच्छेद लेखन क्षमताको विकास गर्न अनुच्छेद शिक्षणलाई अझै व्यवस्थ्ति र उपयोगी बनाउँदै लैजानु पर्दछ ।

### ४.२.२ संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थितिको पहिचान

यस अध्ययनमा कक्षा सातमा अध्ययनरत संस्थगत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्ने उद्देश्य राखिएको छ ।

**तालिका नं. ११**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति**

| प्रतिशताङ्क स्थिति | | विद्यालयको प्रकार | |
|---|---|---|---|
| | | संस्थागत विद्यालयका जम्मा विद्यार्थी ५० | सामुदायिक विद्यालयका जम्मा विद्यार्थी ५० |
| नराम्रो ०-१० सम्म | सङ्ख्या | 15 | 7 |
| | प्रतिशत | 30 | 14 |
| मध्यम १०-२० सम्म | सङ्ख्या | 11 | 28 |
| | प्रतिशत | 22 | 56 |
| राम्रो २०-४० सम्म | सङ्ख्या | 22 | 12 |
| | प्रतिशत | 44 | 24 |
| उत्कृष्ट ४०-५० सम्म | सङ्ख्या | 2 | 3 |
| | प्रतिशत | 4 | 6 |

माथिको तालिका अनुसार सामुदायिक र संस्थागत दुवै विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्न चार श्रेणी निर्धारण गरिएको छ । यहाँ राम्रो १०-२० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्यालाई सामुदायिक र सस्थगतको बिच तुलना गरिएको छ । जस अनुसार १०-२० सम्म ४४ प्रतिशत अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थी र २४ प्रतिशत अङ्क प्राप्त गर्ने संस्थागत विद्यालयका विद्यार्थी रहेको देखिन्छ । यसबाट संस्थगत विद्यालयमा अध्ययन गर्ने भन्दा सामुदायिक विद्यालयमा अध्यन गर्ने विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता धेरै सन्तोषजनक रहेको अध्ययनले प्रमाणित गरेको छ ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने र संस्थागत विद्यालयमा अधययन गर्ने विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्न पनि उपयुक्त तालिकामा

नै चार श्रेणीमा निर्धारण गरिएको छ । जसलाई सजिलैसँग क्षमता पहिचान गर्न सकियोस भनेर १०-२० सम्म सङ्ख्या ५६ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थीहरुमा देखिन्छ र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ५५ प्रतिशत अङ्क प्राप्त गर्ने गरी दुई समूहमा विभाजन गरिएको छ ।

यसरी अन्त्यमा अनुच्छेद लेखन क्षमतालाई तुलनात्मक विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता सन्तोषजनक देखिन्छ । विशेष गरी अनुच्छेद लेखनमा स्वतन्त्र रुपमा आफ्ना मनका भावहरु व्यक्त गर्न पाउने हुँदा विद्यार्थीहरु अनुच्छेद लेखन प्रति रुचि बढ्दै जानाले अनुच्छेद लेखनमा सक्षम रहेको पुष्टि हुन्छ ।

### ४.२.३ विद्यार्थीहरुको अनुच्छेद लेखन सम्बन्धी कमी कमजोरीहरुको तुलनात्मक स्थिति

यस अध्ययनमा विद्यार्थीहरुको अनुच्छेद लेखन सम्बन्धी कमी कमजोरी पत्ता लगाउने उद्देश्य राखिएको छ ।

**तालिका नं. १२**

**अनुच्छेदका अङ्गका आधारमा विद्यार्थीहरुको अनुच्छेद लेखन सम्बन्धी कमी कमजोरीहरुको तुलनात्मक स्थिति**

| आधारहरु | | विद्यालयको प्रकार | |
|---|---|---|---|
| | | संस्थागत विद्यालयका जम्मा विद्यार्थी ५० | सामुदायिक विद्यालयका जम्मा विद्यार्थी ५० |
| शुद्धता | सङ्ख्या | 29 | 32 |
| | प्रतिशत | 58 | 64 |
| भाषा शैली | सङ्ख्या | 33 | 32 |
| | प्रतिशत | 66 | 64 |
| मौलिक शब्दको प्रयोग | सङ्ख्या | 30 | 33 |
| | प्रतिशत | 60 | 66 |
| वर्ण विन्यासको प्रयोग गर्ने | सङ्ख्या | 24 | 25 |
| | प्रतिशत | 48 | 50 |

| | | | |
|---|---|---|---|
| | | | |
| शब्द सङ्ख्याको प्रयोग गर्ने | सङ्ख्या | 33 | 36 |
| | प्रतिशत | 66 | 72 |
| पद सङ्गति सम्बन्धी त्रुटिको प्रयोग गर्ने | सङ्ख्या | 23 | 26 |
| | प्रतिशत | 46 | 52 |

माथिको तालिका अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरुको सङ्ख्या ५० मा अनुच्छेदका अङ्गका आधारमा हेर्दा शुद्धको प्रयोग गर्ने विद्यार्थी सङ्ख्या २९ अर्थात् ५८%, भाषा शैलीको प्रयोग मिलाउने जम्मा विद्यार्थी सङ्ख्या ३३ अर्थात् ६६%, मौलिक शब्दको प्रयोग गर्ने विद्यार्थी सङ्ख्या ३० अर्थात् ६०%, वर्ण विन्यासको प्रयोग गर्ने विद्यार्थी सङ्ख्या २४ अर्थात् ४८%, शब्द सङ्ख्या (५० भन्दा बढी) प्रयोग गर्ने विद्यार्थी सङ्ख्या ३३ अर्थात् ६६%, र पद सङ्गति सम्बन्धी त्रुटिको प्रयोग गर्ने विद्यार्थी सङ्ख्या ३३ अर्थात् ४६% रहेका छन् ।

त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरुको कूल सङ्ख्या ५० प्रतिशतमा अनुच्छेदका अङ्गका आधारमा हेर्दा शुद्धताको प्रयोग गर्ने विद्यार्थी सङ्ख्या ३२ अर्थात् ६४%, भाषाशैली प्रयोग गर्ने विद्यार्थी सङ्ख्या ३२ अर्थात् ६४%, मौलिश शब्दको प्रयोग गर्ने विद्यार्थी सङ्ख्या ३३ अर्थात् ६६%, वर्ण विन्यास सम्बन्धी त्रुटि गर्ने विद्यार्थी सङ्ख्या २५ अर्थात् ५०%, शब्द सङ्ख्याको प्रयोग (५० भन्दा बढी) गर्ने विद्यार्थी सङ्ख्या ३६ अर्थात् ७२%, पद सङ्गति सम्बन्धी त्रुटि गर्ने विद्यार्थी सङ्ख्या २६ अर्थात् ५२% रहेका छन् ।

यसरी अनुच्छेदका विभिन्न अङ्गका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको कमी कमजोरी पत्ता लगाउने उद्देश्य राखिएको छ । उपयुक्त तालिका अनुसार अनुच्छेद लेखन क्षमतामा ज्यादै कमजोर वण विन्यासको प्रयोग क्षमता देखिन्छ । ५० प्रतिशतलाई आधार मानेर हेर्दा ५० प्रतिशतसम्म प्राप्ताङ्क भएका संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेदका अङ्गहरुमा वर्ण विन्यासको प्रयोगमा नै कमजोर देखिन्छ । समग्रमा हेर्दा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुमा वर्ण विन्यास (ह्रस्व र दीर्घ) सम्बन्धी क्षमतामा कमजोरी रहेको पुष्टि हुन आउँछ ।

# अध्याय : पाँच

# सारांश, निष्कर्ष र उपयोग

## ५.१ सारांश

**कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता** यस अध्ययनको पहिलो अध्यायमा शोध परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको उद्देश्य, अध्ययनको सीमाङ्कन, प्रयुक्त शब्दहरुको परिभाषा र अध्ययनको रुपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा अन्तर्गत पूर्वकार्यको समीक्षा, समीक्षात्मक अध्ययनको प्रयोग, सैद्धान्तिक वा अवधारणात्मक रुपरेखा, अनुच्छेद लेखनको प्रयोजन, अनुच्छेदको संरचना, अनुचछेदका प्रकार, अनुच्छेद लेखनका योजना र अनुच्छेद लेखनको विधि र प्रक्रियालाई प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया अन्तर्गत अध्ययन विधि, जनसङ्ख्या, नमुना छनोट, सामग्री निर्माण, प्रारम्भिक अध्ययन, तथ्याङ्क सङ्कलन, तथ्याङ्कको विश्लेषण प्रक्रियालाई प्रस्तुत गरिएको छ ।

चौथो अध्यायमा नतिजा र छलफल अन्तर्गत अनुच्छेदका अङ्गका आधारमा अनुच्छेद लेखन क्षमताको विवरण, अनुच्छेदका अङ्गका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको विवरण, संस्थागत विदालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको विवरण, छलफल व्याख्या अन्तर्गत कक्षा सातमा अध्ययनरत विदयार्थीहरुको अनुच्छेद लेखन क्षमता संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान, विद्यार्थीको अनुच्छेद लेखन सम्बन्धी कमी कमजोरीहरु तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ ।

पाँचौ अध्यायमा सारांश, निष्कर्ष, उपयोग, सुझाव र भावी अनुसन्धनका लागि सम्भावित शीर्षकहरु प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता** शीर्षकको पहिलो उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु रहेको छ । यस उद्देश्यबाट यो निष्कर्ष प्राप्त भएको छ कि कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता सक्षम रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनको दोस्रो उद्देश्य संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु रहेको छ । यस उद्देश्यबाट यो निष्कर्ष प्राप्त भएको छ कि संस्थागत विद्यालयका विद्यार्थीको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता उच्च रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनको तेस्रो उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा अनुच्छेद लेखन सम्बन्धी कमी कमजोरी पत्ता लगाउनु रहेको छ । यस उद्देश्यबाट प्राप्त निष्कर्षमा समग्रमा विद्यार्थीहरुको क्षमता सन्तोषजनक रहे तापनि वर्ण विन्यास सम्बन्धी त्रुटिको प्रयोग सम्बन्धी क्षमता भने कमजोर रहेको देखिन्छ । अनुच्छेद लेखन क्षमतालाई निम्न लिखित बुँदामा प्रस्तुत गरिएको छ :

क) अध्ययनमा समावेश सम्पूर्ण समूहका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको प्रतिशत गणना गर्दा राम्रो ३४ प्रतिशत विद्यार्थी र उत्कृष्टमा ५ प्रतिशत विद्यार्थी अनुच्छेद लेखन मापन गराउन सफल देखिनुले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा अनुच्छेद लेखन क्षमतामा समक्ष रहेको देखिन्छ ।

ख) संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतामा संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता उच्च रहेको देखिन्छ ।

ग) शुद्धता, भाषाशैली, मौलिक शब्द र शब्द सङ्ख्या प्रयोग गर्ने विद्यार्थी ५० प्रतिशत भन्दा माथि रहेको देखिन्छ । पदसङ्गति, वर्ण विन्यास प्रयोग गर्ने विद्यार्थीहरु ५० प्रतिशत भन्दा कम रहेको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमा वर्ण विन्यास (ह्रस्व, दीर्घ) सम्बन्धी प्रयोग क्षमतामा कमजोरी रहेको पुष्टि हुन आउँछ ।

## ५.३ सुझाव

**कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता** शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ :

क) अनुच्छेद लेखन क्षमता लेखाइ सिप विकासका लागि महत्त्वपूर्ण कार्यकलाप भएको हुँदा कक्षा शिक्षणमा अनुच्छेद लेखन सम्बन्धी क्रियाकलापलाई अझ बढी प्राथमिकता दिइनु पर्दछ ।

ख) भाषिक क्षमता अभिबृद्धिको लागि लेखाइ क्षमता अनिवार्य पक्ष भएकाले कक्षा शिक्षणमा लेखाइ कार्यकलापलाई अनिवार्य रुपमा समावेश गरिनु पर्छ ।

ग) संस्थागत विद्यालयमा विद्यार्थीहरुले लेखन क्षमता अभिबृद्धि गर्ने बानीको विकास गर्नुपर्ने देखिन्छ ।

घ) समय समयमा निवेदन तथा अनुच्छेद लेखन सम्बन्धी विद्यालय स्तरीय एवम् अन्तर विद्यालय स्तरीय प्रतियोगिता गराउनु पर्दछ ।

ङ) संस्थागत विद्यालयमा अङ्ग्रेजी विषयलाई पहिलो प्राथमिकता दिए जस्तै नेपाली विषयलाई पनि प्राथमिकता दिनु पर्दछ ।

च) जुनसुकै विषय शिक्षक वा तालिम अप्राप्त शिक्षकद्वारा नेपाली विषय पढाउने परिपाटी अन्त्य गरी तालिम प्राप्त विषय शिक्षकद्वारा पढाउने नियमलाई अझै कडाइका साथ लागु गरिनु पर्दछ ।

छ) सामुदायिक विद्यालयका विद्यार्थीहरुको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता कमजोर देखिएकाले संस्थागत विद्यालयहरुमा लेखन क्षमता अभिबृद्धि गर्न विद्यालयले शैक्षिक गतिविधिमा ध्यान दिनुपर्ने देखिन्छ ।

ज) अनुच्छेद लेखन क्षमता विकासका लागि पाठ्य पुस्तकका अलावा पत्रपत्रिका, लेख रचना, अन्य क्षेत्र तथा सम्बन्धित तह वा कक्षाका अन्य पाठ्य पुस्तकहरुलाई पनि उपयोगमा ल्याउन सक्नु पर्दछ ।

झ) संस्थागत विद्यालयहरुमा लेखन क्षमता अभिबृद्धि गर्न विद्यार्थीहरुमा लेख्ने बानीको विकास गर्दै लैजानु पर्दछ ।

ञ)	अनुच्छेद लेखनमा माथिल्लो कक्षाको पाठ्य पुस्तकलाई पनि समावेश गर्ने र क्षमतामा अझ विकास गर्ने गर्नु पर्दछ ।

ट)	विद्यार्थीहरुलाई अनुच्छेदका अङ्गहरुका बारेमा स्पष्ट जानकारी दिनुपर्ने देखिन्छ ।

ठ)	भाषा शिक्षणमा आधुनिक विधिहरुको प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण गर्नुपर्ने देखिन्छ ।

ड)	भाषा पाठ्य पुस्तकमा भाषाका चारवटै सिपहरुको समुचित विकास गर्दै लैजान पाठ्य वस्तुको चयन गर्दा भाषा, लिङ्ग, उमेर, समूह जस्ता पक्षलाई ध्यानमा राखी पाठ्य वस्तुको छनोट र स्पष्ट गर्ने प्रयास गर्नु पर्दछ ।

ढ)	अनुच्छेद लेखन कार्यलाई गृहकार्यका रुपमा नदिई कक्षा कार्यकलापमै जोड दिइनु पर्छ ।

ण)	निम्न माध्यमिक तहमा नेपाली भाषा विषयको प्रश्नपत्रमा अनुच्छेद लेखन सम्बन्धी प्रश्नलाई अनिवार्य गर्नु पर्दछ ।

## ५.४ उपयोग

प्रस्तुत शोधपत्रले तनहुँ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता अध्ययन गर्न सघाउ पुऱ्याउने छ । सो शोधपत्रको उपयोगितालाई निम्नानुसार देखाउन सकिन्छ :

### ५.४.१ नीति निर्माण स्तरमा

प्रस्तुत शोधको अध्ययनबाट कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता, संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता र कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा अनुच्छेद लेखन सम्बन्धी भएका कमी कमजोरीहरुको अध्ययन गर्न सकिन्छ । सो शोधपत्रले विद्यालयमा अनुच्छेद लेखन क्षमतालाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका लागि सम्बन्धित सरोकारवाला व्यक्तिहरुलाई पनि अवश्य मार्ग निर्देश गर्दछ । कक्षा सातमा पाठ्य पुस्तक लेखनमा अनुच्छेद लेखन क्षमताको सामग्रीको छनोट र स्तरणमा पनि यसले मार्ग निर्देश गर्दछ । कक्षा सातमा अनुच्छेद लेखन क्षमतालाई प्रभावकारी ढङ्गबाट संयोजन गर्न पाठ्यक्रम निर्माणमा पनि सघाउने छ ।

### ५.४.२ प्रयोग स्तरमा

प्रयुक्त शोधपत्र एम.एड. द्वितीय वर्षमा अनुच्छेद लेखन क्षमतालाई आधार बनाइ शोधकार्य गर्नेहरुलाई शोधकार्य सम्पन्न गर्न उपयोगी हुनेछ ।

तनहुँ जिल्लाका संस्थागत र सामुदायिक विद्यालयमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अवस्थाको जानकारी लिन चाहने सर्वसाधारण पाठक र जिज्ञासुहरुलाई यो शोधपत्र उपयोगी हुनेछ ।

एम.एड. द्वितीय वर्षका विद्यार्थीहरुलाई अनुच्छेद लेखन क्षमतालाई आधार बनाइ शोध निर्देशक तोकिएका प्राध्यापक वर्गलाई यो उपयोगी हुनेछ ।

कक्षा सातमा अनुच्छेद लेखन शिक्षणलाई प्रभावकारी बनाउन सम्बन्धित विषय शिक्षकलाई पनि यो शोधपत्रले मार्ग दर्शन गर्नेछ ।

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागले स्नातकोत्तर तहमा हालसालै मात्र शोध अनुसन्धानको नयाँ ढाँचामा अनुसन्धान गर्न निर्देश गरे बमोजिम यो शोधपत्र सोही ढाँचामा तयार पारिएकोले एम.एड. द्वितीय वर्षमा नेपाली शिक्षा अन्तर्गत कुनै पनि शीर्षकमा शोध अनुसन्धान गर्ने शोधार्थीलाई समेत यो शोधपत्र उपयोगी हुने देखिन्छ । जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षकलाई समेत यो शोधपत्र उपयोगी हुने देखिन्छ ।

## ५.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

अनुसन्धान एक निरन्तर चलिरहने प्रक्रिया हो र सानो अनुसन्धानले कुनै पनि विषयको सम्पूर्ण सत्यापन हुन सक्दैन । विभिन्न प्रकारका अवरोध आएको हुन्छ किनकि अनुसन्धानको क्षेत्र धेरै फराकिलो छ । त्यसैले अध्ययनको सन्दर्भमा रहेर निम्न लिखित शीर्षकमा भावी अनुसन्धानहरु हुनु आवश्यक देखिएको छ :

- कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता ।
- मा.वि. तह पुरा गरेका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता ।
- एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता ।
- प्रा.वि. तह पुरा गरेका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता ।

# सन्दर्भ सूची


कुमाल, तारा बहादुर (२०७१), **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुमा लेख्य चिन्ह प्रयोग क्षमताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. ।

खतिवडा, काशीराज (२०६४), **कक्षा सात पुरा गरेका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन**, अप्रकाशि तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

खत्री, मिरा (२०६६), **उच्च माध्यमिक तह कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. ।

गिरी, कल्पना (२०६९), **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. ।

न्यौपाने, उर्मिला (२०६८), **कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. ।

बज्राचार्य, सन्दिरा (२०३९), **अनुच्छेद लेखन एक अध्ययन कक्षा आठ निबन्ध विधा**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. ।

बराल, पुरुषोत्तम (२०६२), **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. ।

बराल, हरिराम (२०६४), **कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताका आधारमा वर्ण विन्यास क्षमताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६२), **स्नातकोत्तर नेपाली शोध विवरण,** कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

——— (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : पिनाकल पब्लिकेश प्रा.लि. ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६०), **नेपाली भाषा साहित्य शिक्षण,** कीर्तिपुरः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, बसन्त कुमार (२०६९), **सानो नेपाली शब्द सागर,** काठमाडौंः शब्दार्थ प्रकाशन नेपाल ।

## परिशिष्ट : क

## अनुच्छेद लेखनका लागि उपयोग गरिएका प्रश्न

१. मेरो जीवनको लक्ष्य शीर्षकमा एक अनुच्छेद लेख ।

## परिशिष्ट : ख

## अध्ययनका क्रममा प्रतिनिधि छनोट गरिएको विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| 1 | श्री सिद्धेश्वरी मा.वि. | घाँसीकुवा-२, कमलबारी | |
| 2 | श्री बाल मन्दिर उ.मा.वि. | व्यास-२, दमौली | |
| 3 | श्री सत्यवती उ.मा.वि. | व्यास-२, दमौली | |
| 4 | श्री प्रभा नि.मा.वि. | मनपाङ-७, तनहुँ | |
| 5 | श्री महर्षि वेदव्यास संस्कृत उ.मा.वि. | व्यास-१०, दमौली | |
| 6 | श्री शान्ति वर्ष अङ्ग्रेजी मा.वि. | व्यास-८, चापाघाट | |
| 7 | श्री व्यास मनकामना सेकेण्डरी इङ्लिस बोर्डिङ स्कुल | व्यास-६, साँगे | |
| 8 | श्री महमाई बोर्डिङ स्कुल | व्यास-२, दमौली | |
| 9 | श्री विश्व शान्ति बोर्डिङ स्कुल | व्यास-२, दमौली | |
| 10 | श्री ग्रीन स्टार बोर्डिङ स्कुल | व्यास-८, कन्टार | |

## परिशिष्ट : ग

## अध्ययनका क्रममा लिइएका विद्यार्थीहरुको नामावली

| क.सं. | विद्यार्थीको नाम थर | कैफियत |
|---|---|---|
| 1 | ईश्वरी भुजेल | |
| 2 | सङ्गिता वि.क. | |
| 3 | विन्दु गैरे | |
| 4 | मनिषा वि.क. | |
| 5 | विकास अछामी | |
| 6 | अनिस बयलकोटी | |
| 7 | सुनिल परियार | |
| 8 | गङ्गा वि.क. | |
| 9 | मुना वि.क. | |
| 10 | टकबहादुर वि.क. | |
| 11 | भिम कुमारी राना | |
| 12 | जयराम थापा | |
| 13 | निशान आले | |
| 14 | गोल्लु कुमार ठाकुर | |
| 15 | प्रविन नहर्की | |
| 16 | करुणा दरै | |
| 17 | बबिता आले | |
| 18 | हिसरा थापा | |
| 19 | शिवा राना | |
| 20 | अकजली वि.क. | |
| 21 | रमिला ढकाल | |
| 22 | कुमारी राना | |
| 23 | प्रविशा अधिकारी | |
| 24 | प्रतिक पण्डित | |

| | | |
|---|---|---|
| 25 | आशिष आले | |
| 26 | नेहा सिंजाली मगर | |
| 27 | सागर परियार | |
| 28 | खुस्बु बानियाँ | |
| 29 | खेम बहादुर थापा | |
| 30 | संगम खनाल | |
| 31 | प्रतिक शाही | |
| 32 | सबनेज शाही | |
| 33 | सजिता थापा | |
| 34 | सुदिप सिंह | |
| 35 | मधु सेन | |
| 36 | स्वस्तिका महतो | |
| 37 | रन्जिता सिंह | |
| 38 | निरु कुमारी मल्ल | |
| 39 | ममता सिंह | |
| 40 | बिमला आले मगर | |
| 41 | कृष्ण पण्डित | |
| 42 | जमुना परियार | |
| 43 | मोतीलाल परियार | |
| 44 | इस्तकार आलम | |
| 45 | समीक्षा गिरी | |
| 46 | यम कुमारी नेपाली | |
| 47 | सङ्गीता नेपाली | |
| 48 | अञ्जली वि.क. | |
| 49 | अभिषेक सिग्देल | |
| 50 | आस्मा गुरुङ | |
| 51 | अस्मिता थापा मगर | |

| | | |
|---|---|---|
| 52 | दिपा वि.क. | |
| 53 | सचिन श्रेष्ठ | |
| 54 | सुमित खनाल | |
| 55 | आशंसा पण्डित | |
| 56 | अश्विका पोखरेल | |
| 57 | वर्षा थापा | |
| 58 | अङ्कित थापा | |
| 59 | दिपाञ्जली श्रेष्ठ | |
| 60 | आस्था ओझा | |
| 61 | सरिस्मा राना | |
| 62 | निसा ढकाल | |
| 63 | चन्द्र नेपाली | |
| 64 | निश्चित पण्डित | |
| 65 | सुदिप थापा | |
| 66 | पारश श्रेष्ठ | |
| 67 | सन्जीता भट्टराई | |
| 68 | आकृति थापा | |
| 69 | एलिना वाग्ले | |
| 70 | सपना गौली | |
| 71 | अनुस्का महतो | |
| 72 | रोशनी बेगम | |
| 73 | नुरी खातुन | |
| 74 | विपिन थापा मगर | |
| 75 | पुजा ठकुरी | |
| 76 | संगम सुर्खाली | |
| 77 | रोशनी गुरुङ | |
| 78 | विनायक खाँनिया | |

| | | |
|---|---|---|
| 79 | महम्मद नेमतुल्लाह | |
| 80 | सलिस गुरुङ | |
| 81 | ऋचा श्रेष्ठ | |
| 82 | अनुस्का वि.क. | |
| 83 | अतिज श्रेष्ठ | |
| 84 | ईसा गुरुङ | |
| 85 | पुजा आले | |
| 86 | सविन घिमिरे | |
| 87 | मनिषा थापा | |
| 88 | अर्चना श्रेष्ठ | |
| 89 | गङ्गा थापा | |
| 90 | सुदिप वि.क. | |
| 91 | रोशन ओझा | |
| 92 | सन्दिप थापा | |
| 93 | असिम गुरुङ | |
| 94 | सुस्मिता दरै | |
| 95 | महेन्द्र दरै | |
| 96 | रुपेश राना | |
| 97 | प्रशंसा श्रेष्ठ | |
| 98 | विकल्प खनाल | |
| 99 | जिना श्रेष्ठ | |
| 100 | अमिगा श्रेष्ठ | |

# परिशिष्ट : घ

## अध्ययनका क्रममा सहयोग गर्ने विद्यार्थीहरुको एक झलक



अध्ययनका क्रममा सहयोग गर्ने कक्षा सातका विद्यार्थीले अनुच्छेद लेख्दै



# व्यक्तिवृत्त



नाम : शुष्मा नागिला

जन्म स्थान : घाँसीकुवा-३, कमलबारी

जन्म मिति : २०४६/०२/२७

बुबाको नाम : दण्ड विलाश नागिला

आमाको नाम : देवी नागिला

पतिको नाम : कृष्ण भट्टराई

लिङ्ग : महिला

राष्ट्रियता/नागरिकता : नेपाली

धर्म : हिन्दु

मातृभाषा : नेपाली

भाषिक ज्ञान : नेपाली र अङ्ग्रेजी

स्थायी ठेगाना : घाँसीकुवा-३, कमलबारी

फोन नम्बर : ९८४६२७५२३०

**शैक्षिक योग्यता** :

| क्र.सं. | तह | शैक्षिक संस्था | पास गरेको वर्ष |
|---|---|---|---|
| १ | एस.एल.सी. | श्री सिद्धेश्वरी मा.वि., घाँसीकुवा-३, कमलबारी | २०६१ |
| २ | +२ | दमौली कलेज, दमौली, तनहुँ | २०६४ |
| ३ | बि.एड. | दमौली कलेज, दमौली, तनहुँ | २०६७ |
| ४ | स्नातकोत्तर | आदिकवि भानुभक्त क्याम्पस दमौली, तनहुँ | |